Jana Aakash
National Weekly
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१५ , अंक- ४०, २०८० साल वैशाख २६ गते मंगलबार (May 9, 2023)
www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# नेपालकै सवैभन्दा ठुलो राष्ट्रिय झण्डा रामेछापमा उत्तोलन

**दिपक शिवाकोटी**

रामेछाप । रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं. १ गर्जाङस्थित रमिते डाडामा नेपालकै ठुलो राष्ट्रिय झण्डा उत्तोलन गरिएको छ ।

मितिः २०८० साल बैशाख २२ गते गोकुलगंगा गाउँपालिका वाडन १ गर्जाङमा भएको कार्यक्रमको सभापति जर्गाङ खिम्ती समाजका अध्यक्ष श्याम कुमार कार्कीको सभापतित्वमा गोकुलगंगा गाउँपालिकाका अध्यक्ष काजी बहादुर खड्काको प्रमुख अतिथि र सोही पालिकाका जनप्रतिनिधि, सञ्चारकर्मी, स्थानीयको उपस्थितिमा बुद्वजयन्तीको अवसर पारेर झण्डा उत्तोलन गरिएको हो । उक्त कार्यक्रममा उपस्थित आमन्त्रितहरुलाई स्वागत मन्तव्य गर्जाङ खिम्ती समाजका सचीव अनुज खड्काले गरेका थिए ।

उक्त झण्डा गर्जाङका स्थानीय युवाहरुको सक्रीयतामा निर्माण गरी उत्तोलन गरिएको हो । झण्डाको साईजन ४५ फिट लम्बाई र २५ फिट चौडाईको रहेको आयोजकले जानकारी दिएको छ । उनिहरुले झण्डा नेपालकै ठुलो भएको उत्तोलन गर्ने कार्यक्रममा बताएका छन् ।

उनिहरुले नेपालकै अग्लो कसरी भयो आधार के छन् भनेको प्रश्नमा आयोजकले गोर्खा जिल्लामा रहेको ४० फिट अग्लो राष्ट्रिय झण्डा राखिएको तथ्य भेटिएको र अन्य ठाउँमा त्यो भन्दा अग्लो झण्डा राखेको तथ्य नभएको हुनाले सम्भवत उक्त गोर्खाको झण्डा भन्दा गर्जाङको रमिते डाडामा उत्तोलन गरिएको झण्डा ५ फिट अग्लो भएको तर्क गरेका छन् ।

**कसरी बन्यो त यस्तो योजना ?**



एकदिन सोही वडाको लहरे भस्मे बजारमा युवाहरु जम्मा भई चिया गफ गर्ने क्रममा नयाँ केही गर्नुपर्छ भन्ने कुराकानी गर्ने क्रममा गर्जाङका युवा सुरेश बस्नेतले “हाम्रो गाउँको सबैभन्दा नाम चलेको पौराणिक, धार्मिक, सास्कृतिक सबै कुराले प्रख्यात स्थानमा रहेको रमिते डाडा जाहावाट सत्य युगमा औतारी लामा उडेर दोलखाको पाङनागीमा जाने र पाङनागी वाट उडेर समिते डाडामा आउनेस्थल हो त्याहा नेपालको राष्ट्रिय झण्डा स्थापना गरौ” भन्ने प्रस्ताव राखेपछि शिव सागर खड्का, पदमराज कार्कीले यो राम्रो कुरा हो यसलाई अगाडी बढाऔ भनेपछि कुनै संघ, संस्था मार्फत यो काम गर्न पाए सजिलो हुन्थ्यो भन्ने प्रस्ताव पनि यिनै स्थानीय युवाहरुले गरेको र उनिहरु आफैपनि गर्जाङ खिम्ती समाज सेवाका कार्य समिति सदस्य रहेका र गर्जाङ खिम्ती समाज सेवाका अध्यक्ष श्याम कार्कीसँग मन्थलीमा भेटन गई कुराकानी गरेका थिए ।

उक्त राम्रो योजना सुनेपछि अध्यक्ष कार्कीले पनि उक्त योजनालाई साथ दिएको स्थानीय पदमराज कार्कीले जानकारी दिएका हुन् ।

त्यसै वडा भित्रका स्थानीय तथा बौद्धिक व्यात्तित्व जट्टेश्वरी माविका संस्थापक प्रधानध्यापक ओम बहादुर बस्नेतले हामीले थाहा पाएसम्म यस क्षेत्रमा किरात कालका थुप्रै सास्कृतिक पौराणिक अवशेषहरु देखिएको र पछि शेर्पाहरुको बसोवास रहेको गर्जाङको नामपनि किराँती बाँकी ६ पृष्ठमा

# प्रधानन्यायाधीशमा कार्की सिफारिस

काठमाडौं । संवैधानिक परिषद्को बसेको बैठकले प्रधानन्यायाधीशमा कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री निवास वालुवाटारमा परिषद्को आज बसेको बैठकले प्रधानन्यायाधीश नियुक्ति गर्नका लागि कार्कीको नाम सर्वसम्मत सिफारिस गरेको राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को अध्यक्षतामा बसेको उक्त बैठकमा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिना, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र उपसभामुख इन्दिरा रानामगर सहभागी हुनुहुन्थ्यो ।




# जनविश्वास कायम राख्न पत्रकारले आचारसंहिताको पालना गर्नुपर्छ : अध्यक्ष बस्नेत



वीरगञ्ज । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले जनविश्वास कायम राख्न पत्रकारहरुले आचारसंहिताको पूर्ण रुपमा परिपालना गर्नुपर्ने बताउनुभएको छ । पर्दाफास मिडिया प्रालि वीरगञ्जद्वारा सञ्चालित पर्दाफास डेली डटकम अनलाइनको उद्घाटन तथा ‘मर्यादित पत्रकारिताका लागि पत्रकार आचारसंहिता’ विषयक अन्तरक्रियामा अध्यक्ष बस्नेतले पत्रकार आचारसंहिताको परिपालना हुन नसक्दा पत्रकारप्रति जनविश्वास घट्दै गएको बताउनुभयो । उहाँले जनविश्वासलाई कायम राख्न आचारसंहिताको पूर्ण परिपालना गर्नुपर्नेमा जोड दिनुभयो । पत्रकार आचारसंहिताको पूर्ण कार्यान्वयनका लागि काउन्सिल प्रतिबद्धत रहेको बताउँदै अध्यक्ष बस्नेतले आचारसंहितालाई समयसापेक्ष पुनर्वलोकनसँगै अनुगमन गरी रहेको चर्चा गर्नुभयो । स्वच्छ, निष्पक्ष र मर्यादित पत्रकारिताका लागि प्रेस काउन्सिलले पुरस्कार र दण्डको नीति लिएर अघि बढेको उल्लेख गर्नुहुँदै उहाँले गलत गर्नेलाई कारबाही र राम्रोलाई पुरस्कृत गर्ने नीति अङ्गीकार गरेको प्रेस काउन्सिलले काम गरिरहेको बताउनुभयो । पछिल्लो समय पत्रकार र सञ्चारमाध्यमको विश्वसनीयता माथि प्रश्न उठ्नु चिन्ताको विषय भएको बताउँदै अध्यक्ष बस्नेतले समाचार विषयमा प्रश्न उठ्यो भने सच्याउने तत्परता बाँकी ६ पृष्ठमा

# सेनाद्वारा बक्रकुण्ड पञ्चेश्वर मन्दिरको मूल प्रवेशद्वार निर्माण

मोरङ । नेपाली सेनाले धनकुटा नगरपालिकाको हिलेस्थित बक्रकुण्ड पञ्चेश्वर महादेवको मन्दिर परिसरमा पूर्वाधार विकास कार्यक्रमअन्तर्गत मूल प्रवेशद्वार निर्माण गरी आज हस्तान्तरण गरेको छ । सेनाको क्विक इम्प्याक्ट कार्यक्रमअन्तर्गत रु १० लाखको लागतमा ऐतिहासिक महत्त्व बोकेको उक्त प्रवेशद्वारको निर्माण कार्य विसं २०७९ कात्तिक ३ गते सुरु गरिएको थियो । प्रवेशद्वार भक्तपुरका दक्ष कालिगडले पुरातात्विक शैलीमा निर्माण गरेको श्री नं २ वाहिनी अड्डा हिलेले जनाएको छ । नेपाली सेना पूर्वी पृतनाका हेड क्वार्टर इटहरीका पृतनापति डा आसबहादुर तामाङले प्रवेशद्वारको आज उद्घाटन गर्दै निर्माणले ऐतिहासिक र धार्मिक महत्त्व वृद्धि गर्नाका साथै मन्दिर तथा धनकुटा जिल्लामा धार्मिक पर्यटक आवागमनमा वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा धनकुटा नगर पालिकाका प्रमुख चिन्तन तामाङ, प्रमुख जिल्ला अधिकारी बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नक्कली शणार्थी बनाउने/ बन्ने दुवैथरीलाई कारवााही होस्

घुस लिनु र दिनु राष्ट्रका शत्रु हुन"स्वर्गीय श्री ५ बडामहाराज धिराज पृथ्वि नारायण बिर बिक्रम शाहको भनाई हो यो ।

यतिवेला नेपालमा नक्कली भुटानी शणार्थी बनाएर अमेरिकामा नेपालीलाई पठाएको बिषयले देश तातेको छ । गृह सचीव, पूर्व गृहमन्त्री पक्राउ परिसकेका छन् भने कतिपय उच्च ओहोदाका व्यक्तिहरु उक्त काण्डमा मुछिएका छन् । देशमा हल्ला खल्ला निक्कै हुन थालेको छ । तर उता अमेरिका पुगिसकेका नक्कली भुटानी बन्न सफल नागरिकहरुको वारेमा कुनै कुरा उठेको छैन । यदि यस्तो

नक्कली भुटानी बनेर अमेरिका जाने जो कसैलाई पनि सरकारले कारवाही गर्नुपर्छ । ति अवैध ढंगवाट गएका नागरिकलाई पनि नेपाल ल्याएर कारवाही गर्न नेपाल सरकारले अमेरिकासँग पहल थाल्नुपर्छ । त्यसो गर्न सकियो भने मात्र नक्कली शणर्थीको काण्डमा भएको भ्रष्टाचारको तर्क सार्थकतामा परिणत हुन्छ ।

नक्कली काम गर्ने जो कोही मानिस दण्डनीय हुनैपर्छ । चाहे त्यो सामान्य नागरिक होस् । चाहे त्यो उच्च ओहोदामा बसेको मानिस नै किन नहोस् । घुस लिने र दिने दुवै राष्ट्रका शत्रु हुन् त्यसैले दुवैलाई कारवाही हुनुपर्छ ।

अचेल कारवाहीका नाममा एनजिओकारण गरिदै एउटा एनजिओकर्मीले जो कसैलाई फसाउन चाहयो भने सजिलै सक्ने प्रचलन पनि नेपालमा बढ्दै गएको छ । केही थान हजारका नोट फोटोकपी गर्ने र अख्तियारलाई नाटकीय रुपमा घुस माग्यो भनेर खवर गर्ने अख्तियारका टिम पनि उक्त बदनियतपुर्ण भएको कार्यक्षेत्र पुग्ने र निर्धोषलाई समेत फसाउने घटना बढेको छ । लोकतान्त्रिक नामको ब्यवस्थामा राष्ट्रियस्तरका चलाख फटाहरुले र अन्तरष्ट्रिय शक्तिका आडमा नेपालमा अप्रत्यक्ष डलरमा भत्ता बुझ्नेहरुले चलाएका मिशनहरुले नेपाल देशमा हुइम ल्याई हल्लाबाजी गर्ने र सोजा इमानदार समेत फसेका घटना वेलावेला सुन्न थालिएको छ ।

त्यस्तै यो शणार्थी प्रकरण पनि नेपालको अनुसन्धान विभागले प्राप्त गरेको रिर्पोटको आधारमा हल्ला खल्ला गरिएको होइन । विदेशी कुनै संस्थाले दिएको रिपोर्टको आधारमा उक्त प्रकरण सतहमा आएको मानिएको छ । त्यसकारण नेपालको संवैधानि सर्वभौमसत्ता सम्पन्न राष्ट्र भएको हुनाले यस्ता बेला बेलामा आउने स्टण्डले नेपालका स्याल हुइयामा कुदने समुदायलाई प्रभावित पार्न सक्छ । भिमसेन थापाले सेरिएर मर्नुपरेका देश भनेर कथामा पढ्न पाइन्छ । सतीले सरापेको देश भनेर पनि पढ्न पाइन्छ । यस्ता चलनहरु आजसम्म बचाउने काम यिनै बढि परिवर्तनकारी हु भन्नेहरुले विदेशी सस्कार ल्याउने तर नेपालको मौलिक वास्तविक धरातललाई कहिल्यै नउठाउने रहेको छ । त्यसको असर अहिलेसम्म आईपुगेको छ ।

त्यसकारण नेपालमा हुने हल्ला स्टण्डहरु के हुन केका लागि हुदैछन् । भन्ने कुराको राम्रोसँग अध्ययन नगरी त्यसैको पछि लाग्नु हतारो गर्नु राष्ट्रको लागि हित हुदैन । राष्ट्रको बिषयमा जोडिने सन्दर्भहरु हतार नगरी सत्य, तथ्यको आधारमा प्रष्ट भएर तथ्य एकिन भईसकेपछि मात्र निर्णयमा पुग्नु राम्रो हुन्छ । अहिले शणार्थीको नक्कली शणर्थीको बिषयमा अध्ययन भइरहेको वेला जुलुस, धर्ना, अराजक अफवाह गर्नु सावधान होइन ।

अचेल सदन देखि सडकसम्म सस्तो लोकप्रीयताको लागि गरिने हर्कतहरु अपरिपक्कताको पराकाष्टका रुप बनेका छन् । राजनीतिक स्वार्थका लागि कुनैपनि पार्टीहरुले सभ्य भएर काम गरेको देखिदैन ।

यस्ता दुषित राजनीतिक पार्टीहरुभन्दा फरक खालको ब्यवस्था नेपाल देशका जनताले खोज्नुपर्ने वेला भएको पो हो की ?

# स्वार्थको द्वन्द्व : नैतिक प्रश्न वा अपराध

**श्यामप्रसाद मैनाली**

अधिकार प्राप्त पदाधिकारीले आफ्नो स्वार्थअनुकूल हुनेगरी वा आफू संलग्न संस्थाको निर्णय दिई सार्वजनिक हानिनोक्सानी पुऱ्याउँछ । यसरी व्यक्तिगत र समूहगत फाइदा लिने कार्यलाई स्वार्थ बाझिएको विषयसँग दाँजेर हेर्ने गरिएको छ । स्वार्थको संघर्ष सबै प्रकारका शासकीय संरचनामा देखिने गरेको छ ।

स्थानीयदेखि अन्तर्राष्ट्रिय क्षेत्रसम्म र सार्वजनिक निकाय, सार्वजनिक संस्थालगायत सबै प्रकारका वित्तीय क्षेत्रमा यो गलत अभ्यास सघन रूपमा छ । यसले सबै प्रकारका व्यवस्थापकीय र नीतिगत निर्णयहरू प्रभावित हुने र सार्वजनिक निकायहरूका साथै बजार व्यवस्था अस्तव्यस्त बन्छ । अविश्वसनीयताको दुष्चक्रमा समाज र राज्य समाहित हुन्छ ।

अन्तर्राष्ट्रिय क्षेत्रका उदाहरण

पाकिस्तानका पूर्वप्रधानमन्त्रीले पदमा रहँदा ठूलो मूल्यको उपहार प्राप्त गरी त्यस उपहारलाई बिकरी गरी आफ्नै बनाए छन्, त्यही अभियोगमा निज अदालतमा मुद्दा चलिरहेको छ । भारतमा व्यवसायीले बैंक तथा वित्तीय संस्था खोल्न नपाउने कानुनी व्यवस्था छ । विकसित देशहरू स्वार्थको द्वन्द्वलाई नियन्त्रण गर्न कानुनी व्यवस्था मात्र होइन, स्थायी नियमनकारी निकायको व्यवस्था गरिएको छ ।

यस गलत प्रवृत्तिलाई नियन्त्रण गर्ने अभिप्रायले सबैभन्दा पहिले अमेरिकामा सन् २००६ मा इमानदार नेतृत्व र खुला सरकारसम्बन्धी नयाँ ऐन जारी गरी प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याइयो । सन् २००६ मै क्यानडाले स्वार्थको संघर्षसम्बन्धी आधुनिक ऐन जारी गऱ्यो । युरोपियन युनियनमा सन् २००७ देखि यसको नियन्त्रणमा कानुनी व्यवस्था गर्न थालियो । सार्वजनिक जीवनका लागि सात सिद्धान्तको संज्ञा दिइएको आचार संहिता संयुक्त अधिराज्यमा कार्यान्वयनमा छ ।

कोभिड संक्रमणको समयमा खोपका 'दयगतमा सुझाव दिन गठित कार्य दलका १२ सदस्यले स्वार्थ बाँझिने गरी कार्य गर्न असमर्थ रहेको जानकारी गराएको सन्दर्भ क्यानडामा ताजै छ । जापान सरकारले तत्कालीन अमेरिकी विदेशमन्त्री पोम्पेओलाई ५८ सय मूल्य पर्ने ह्वीस्की उपहार दिएकोमा सो बोतल हरायो । उक्त सन्दर्भले सञ्चारमाध्यममा ठूलो स्थान पायो । भारतमा व्यवसायीले बैंक तथा वित्तीय संस्था खोल्न नपाउने कानुनी व्यवस्था छ । विकसित देशमा स्वार्थको द्वन्द्वलाई नियन्त्रण गर्न कानुनी व्यवस्था मात्र होइन, स्थायी नियमनकारी निकायको व्यवस्था गरिएको छ ।

स्वार्थको द्वन्द्व अन्त गर्ने विषयलाई संयुक्त राष्ट्रसंघले साझा समझदारीको विषय बनाएको छ । संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्र यसलाई नियन्त्रण गर्ने विषयमा एकै स्थानमा उभिएर प्रतिबद्धता व्यक्त गरेका छन् । यस अर्थमा यसलाई नियन्त्रण गर्ने सन्दर्भ अन्तर्राष्ट्रिय दायित्व बनेको छ । यस महासन्धिले सार्वजनिक क्षेत्रमा मात्र सीमित नगरी निजी क्षेत्रमा समेत स्वार्थको द्वन्द्व हुन नहुने प्रतिबद्धता व्यक्त गरेको छ । विशेषगरी अमेरिकामा सार्वजनिक जिम्मेवारीमा रहेको पदाधिकारीले सित्तैमा कसैले डिनर, लन्च स्वीकार गर्न नहुने व्यवस्था छ ।

कुनै प्रकारको उपहार ग्रहण गर्न नपाइने, अन्य व्यक्ति वा संस्थाले आयोजना र प्रायोजन गरेको खण्डमा त्यस्तो भ्रमण गर्न नहुने कानुन छ । स्वार्थको संघर्ष स्पष्ट हुनेगरी कुनै पनि कम्पनी वा संस्थाको सेयर खरिद गर्न नहुने कडा व्यवस्था लागू छन् । यस्तो सुविधा लिँदा पूरा गर्नुपर्ने कानुनी प्रक्रिया र यस प्रकारको व्यवस्थाको उल्लंघन गरिँदा हुने कारबाही पनि कानुनमा छ । भावनात्मक रूपमा कसैसँग नजिक भएर निर्णय लिन कानुनले निषेध गरेको छ ।

नेपाली सन्दर्भ

नेपाली समाजले अवलम्बन गरिआएको संस्कृति नै स्वार्थको द्वन्द्वलाई प्रश्रय दिनेगरी विकास भइरहेको छ । आफ्नालाई शक्तिमा रहँदा संरक्षण गर्नुपर्छ भन्ने गलत मान्यतामा अभ्यस्त छ । सार्वजनिक ओहोदामा रहँदा स्रोतसाधन संकलन नगर्ने र नातावाद कृपावादमा नलाग्नेलाई समाजले तिरस्कृत गर्छ । हरेक नागरिकले आफैंलाई स्वनियमन, स्वशासन र उपयुक्त प्रकारले व्यवस्थापन गर्न सक्नुपर्छ । यसबाट मात्र सुसभ्य, सुसंस्कृत र सच्चरित्र समाजको निर्माण सम्भव हुन्छ । यस प्रकारको समाजको विकास हुँदा सचेत नागरिकले सार्वजनिक पदाधिकारीलाई गलत कार्यमा अभिमुख नहुन खबरदारी गर्न सक्छन् । समाज परिस्कृत हुन्छ । स्वार्थको संघर्षको अवस्थामा उल्लेखनीय सुधार ल्याउन सकिन्छ ।

स्वार्थको संघर्षको अवस्था'दयगत समाजका सचेत वर्गले अभिरूचि राखेको पाइँदैन । यस प्रकारको परिस्कृत समाज निर्माण र विकास हुँदा सबै विषयलाई कानुनकै रूपमा व्यवस्था गरी नियन्त्रण गर्न जरुरी हुँदैन । समाजका विधि व्यवहार, ग्रहण गरेको सच्चरित्रता, नैतिकता र आचरणले नै गलत कार्यलाई सम्पादन हुन नदिने वातावरण स्वतः तयार हुन्छ । व्यक्तिले आर्जन गरेको स्रोतसाधन, शक्ति र सम्पन्नताका आधारमा समाजभित्र व्यक्तिको मान, मर्यादा, सम्मान र सामाजिक प्रतिष्ठा मापन गर्ने गरिएको छ ।

स्वार्थ बाझिएको विषयमा यसलाई यथा समयमा नियन्त्रण गर्ने र गलत कार्यमा संलग्न हुनेलाई दण्डित गर्ने सबल कानुनको व्यवस्था हालसम्म हुन सकेको छैन । नेपालका कतिपय शासक स्वार्थ बाझिएका विषयमा निर्णय लिनु दैनिकी ठान्छन् । यो जघन्य अपराध हो भन्ने सामान्य सोच उनीहरू देखिँदैन । जनताले अत्यन्त ठूलो आशा गरेका दलहरू नै स्वार्थको संघर्षका हिसाबले आलोचित छन् ।

नेपालका एक जना पूर्वप्रधानमन्त्रीले सरकारको नेतृत्व गरिरहँदा एक व्यापारीको विमान प्रयोग गरेर चीनको औपचारिक भ्रमण गरेका थिए । उनले व्यापारीलाई करारको अवधि समाप्त नहुँदै गोकर्ण रिसोर्टको जमिन २५ वर्षका लागि र दरबारमार्गस्थित टूस्टको जमिन कौडीको भाउमा जिम्मा लगाए । तिनै व्यापारीको घरमा लामो समयसम्म आफ्नो दलको मुख्यालय राखे । अहिले पनि त्यस दलको कार्यालय अर्का व्यापारीको घरमा निर्लज्ज प्रकारले राखिएको छ ।

रविजी आफ्नाविरुद्ध प्रहरीले अनुसन्धान गरिरहेको समयमा गृहमन्त्री बने । म्यान पावर व्यवसायीसँग घनिष्ठ सम्बन्ध रहेका र पहिलेदेखि नै शिक्षा क्षेत्रमा स्वार्थ गाँसिएकालाई त्यही मन्त्रलायमा मन्त्री बनाउने काम भयो । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पुनः गृहमन्त्रीका लागि आशक्ति देखाएको समयमा अमेरिकी राष्ट्रपति वाइडेनको निवासमा एफआईले तलासी लिई गोप्य दस्तावेज बरामद गरेको समाचार सार्वजनिक भयो ।

राज्यका अंगमा रहेर आफ्नो भूमिका निर्वाह गर्दा त्यस कार्यमा स्वार्थ बाँझिने विषय छन् वा छैनन् स्पष्ट भएर स्वघोषणा गर्नु अत्यावश्यक हुन्छ । जब सार्वजनिक जिम्मेवारीको भूमिकामा पुगिन्छ, त्यस समय पूर्वव्यवसायबाट पूर्णरूपमा अलग हुनुपर्छ । यो अन्तर्राष्ट्रिय अभ्यास हो । राजनीतिक दलहरू र पालिकाका प्रमुखलगायत अन्य जनप्रतिनिधिले आफ्नो भूमिका स्थानीय तहका ठेकेदारका रूपमा निर्वाह गरिआएको तीतो यथार्थता छ ।

सार्वजनिक पदमा रहँदा नेपालका नीति निर्माताले आफ्नै जिम्मेवारीमा रहेका निकायमा कन्सल्टेन्सी गरेका छन् । नेपालका उच्च पदस्थ व्यापारिक घरानामा रोजगारीका लागि वातावरण बनाउँछन् । अवकाशपश्चात् सोही निकायमा कार्यरत रहने र पूर्वअनुभव र क्षमताको दुरूपयोग गर्छन् । नेपालको संविधानले प्रायः मिलिजुली सरकार देशमा बन्न सक्ने अवस्था सिर्जना गरेको छ ।

सरकार टिकाउन समझदारी गर्दै गर्दा स्वार्थको द्वन्द्व नियन्त्रणका विषय गौण बनेका छन् । देशको संसद् नै यस प्रकारका विकृति आमन्त्रण गर्न लागि परेको अवस्था छ । वित्तीय तथा बैंकसम्बन्धी ऐनको निर्माणको प्रक्रियामा अर्थ समितिमा बैंक सञ्चालक, व्यापारी र उद्योगी आदि क्षेत्रका माफिया संलग्न गराई कानुन बनाउने गलत प्रवृत्ति कायमै छ ।

स्वार्थ समूहको उपस्थिति कार्यपालिका र व्यवस्थापिकामा गराउने जस्ता गलत रवैया अभ्यस्त भएको भद्दा दृश्यको अनुभूति गर्न सकिन्छ । स्वार्थको द्वन्द्वलाई सम्बोधन गर्ने कानुनी व्यवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका छैनन् । भएका पनि अपर्याप्त छन् । विभिन्न सार्वजनिक पदाधिकारीको पेसागत आवद्धता र बदलिएको भूमिकाबीच द्वन्द्वात्मक अवस्था सिर्जना गरिने गरी पद्धति, संयन्त्र, कानुनी प्रावधान तयार पारिन्छन् ।

अब वर्तमान संसद्मा हिजोका बेथितिलाई सुधार गर्न उत्साहित हुन सक्ने अवस्था छ वा छैन ? नीतिगत बहस र नीति निर्माण गर्दा यस्ता बेथिति नियन्त्रण गर्नेगरी अघि बढ्न सक्ने अवस्था सिर्जना होला नहोला ? वा विकृति र विसंगति अझै बढ्दै जाला ? देशका लागि विभिन्न अपराधमा संलग्न सांसदहरू चाहिएको हो ? प्रश्न अत्यन्त पेचिलो बन्दै गएको छ ।

संसदमा स्वार्थको द्वन्द्व हुनेगरी कार्य गर्ने गरिएको छ । सिक्टा सिँचाइ आयोजनामा ठूलो मात्रामा भ्रष्टाचार गरेको स्पष्ट भए पछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ठेकेदार बिक्रम पाण्डेविरुद्ध मुद्दा दायर गरेको थियो । यस मुद्दामा पाण्डेले विशेष अदालतवाट सफाइ पाए । यो मुद्दा अझै सर्वोच्च अदालतमा विचाराधीन छ । यीबाहेक यी ठेकेदारले सम्पन्न गरेका अन्य धेरै आयोजनाको गुणस्तर अत्यन्त कमजोर भएकाले विवादित बन्दै आएको छ । भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु हो भन्ने भनाइ सार्वजनिक गर्दै आएका राजेन्द्र लिंग्देनले यिनै पाण्डेलाई स्पष्ट रूपमा स्वार्थ बाझिनेगरी सहरी विकास मन्त्रालयमा मन्त्री बनाउनुभएको थियो । बहुदलीय लोकतन्त्रको बहालीपश्चात् सहभागितामूलक प्रतिनिधित्व गराउने नाममा स्वार्थको संघर्ष हुनेगरी पटक पटक थुप्रै जिम्मेवारी प्रदान गरिएका छन् । मेडिकल कलेज सञ्चालक र निजी विद्यालयका लगानीकर्तालाई स्वास्थ्य र शिक्षासम्बन्धी संसदीय समितिमा राखिएका छन् ।

यसैगरी म्यानपावर कम्पनीका सञ्चालकलाई उद्योग, वाणिज्य, श्रम र उपभोक्ता हितसम्बन्धी समितिमा जिम्मेवारी तोकिएको छ । वर्तमान संसदले आफ्ना समितिमा सांसदलाई मनोनयन गरिसकेको छैन । हालसम्मको अभ्यासलाई हेर्दा स्वार्थ बाझिने समितिमा नै मनोनयन गर्ने सम्भावना प्रवल छ । किनकि, नेपालका राज्य सञ्चालकमा यसले पार्ने प्रभाव'दयगत थोरै मात्र पनि जानकारी भएको र यसलाई नियन्त्रण गर्नु पर्छ भन्ने इच्छा शक्तिको अभाव छ । पूर्व पञ्चको दल राप्रापाका संसद ध्रुव प्रधानलाई देशको संघीयताको विकाश र गणतन्त्रलाई संस्थागत गर्ने प्रकारले कानुन न्याय तथा संसदीय मामिलासम्बन्धी मन्त्रालयको जिम्मेवारी दिइयो ।

संयुक्त राष्ट्र संघको १४औं महासभाबाट सन् २००३ मा भ्रष्टाचारविरुद्धको घोषणापत्र जारी गरिएकोमा नेपाल त्यस दस्तावेजमा हस्ताक्षर गर्ने देशका रूपमा रहेको छ । त्यस दस्तावेजले स्वार्थको संघर्षलाई भ्रष्टाचारको एक स्वरूपका रूपमा स्वीकार गरेको छ । सम्बन्धित राष्ट्रले आफ्ना कानुनमा संशोधन गरेर वा नयाँ कानुन निर्माण गरेर यस अपराधलाई भ्रष्टाचारसरह नै दण्डित गर्ने नीति अवलम्बन गर्न समेत समझदारी बनाएको छ ।

तर, नेपालको ध्यान यसतर्फ जान सकेको छैन । यससम्बन्धी ऐनको मस्यौदासम्म पनि तयार गरिएको छैन । यस अर्थमा नेपालमा यसलाई कानुनीरूपमै दण्डित गर्नेभन्दा नैतिकताको कसीमा जोडेर हेर्नेगरी छाडी दिएको छ । नैतिकता'दयगत कानुनले नभई समाजले दण्डित गर्दछ तर नेपाली समाज स्वार्थको द्वन्द्वलाई प्रोत्साहित गर्न अभ्यस्त छ ।

अहिलेको संसदले यस विषयलाई प्राथमिकतामा राखी विश्व संस्थामा गरेको प्रतिबद्धताअनुरूपको कानुन बनाउनुपर्छ । यस परिस्थितिमा यस अपराधलाई सामाजिक मूल्यमान्यता भन्दा बढी गम्भीर अपराधका रूपामा ग्रहण गर्ने र कानुनी उपचारको बाटो अवलम्बन गरिने अवस्था आउँछ । यस प्रकारका प्रयास हुँदै गर्दा स्वार्थको संघर्षलाई नियन्त्रण गरी भ्रष्टाचारलाई नियन्त्रण गर्न थप सहायकसिद्ध हुने आशा गर्न सकिन्छ ।

राजधानी दैनिक

स्वार्थको द्वन्द्व अन्त गर्ने विषयलाई संयुक्त राष्ट्रसंघले साझा समझदारीको विषय बनाएको छ । संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्र यसलाई नियन्त्रण गर्ने विषयमा एकै स्थानमा उभिएर प्रतिबद्धता व्यक्त गरेका छन् । यस अर्थमा यसलाई नियन्त्रण गर्ने सन्दर्भ अन्तर्राष्ट्रिय दायित्व बनेको छ । यस महासन्धिले सार्वजनिक क्षेत्रमा मात्र सीमित नगरी निजी क्षेत्रमा समेत स्वार्थको द्वन्द्व हुन नहुने प्रतिबद्धता व्यक्त गरेको छ । विशेषगरी अमेरिकामा सार्वजनिक जिम्मेवारीमा रहेको पदाधिकारीले सित्तैमा कसैले डिनर, लन्च स्वीकार गर्न नहुने व्यवस्था छ ।

कुनै प्रकारको उपहार ग्रहण गर्न नपाइने, अन्य व्यक्ति वा संस्थाले आयोजना र प्रायोजन गरेको खण्डमा त्यस्तो भ्रमण गर्न नहुने कानुन छ । स्वार्थको संघर्ष स्पष्ट हुनेगरी कुनै पनि कम्पनी वा संस्थाको सेयर खरिद गर्न नहुने कडा व्यवस्था लागू छन् । यस्तो सुविधा लिँदा पूरा गर्नुपर्ने कानुनी प्रक्रिया र यस प्रकारको व्यवस्थाको उल्लंघन गरिँदा हुने कारबाही पनि कानुनमा छ । भावनात्मक रूपमा कसैसँग नजिक भएर निर्णय लिन कानुनले निषेध गरेको छ ।

नेपाली समाजले अवलम्बन गरिआएको संस्कृति नै स्वार्थको द्वन्द्वलाई प्रश्रय दिनेगरी विकास भइरहेको छ । आफ्नालाई शक्तिमा रहँदा संरक्षण गर्नुपर्छ भन्ने गलत मान्यतामा अभ्यस्त छ । सार्वजनिक ओहोदामा रहँदा स्रोतसाधन संकलन नगर्ने र नातावाद कृपावादमा नलाग्नेलाई समाजले तिरस्कृत गर्छ ।

# नेपाली अर्थतन्त्रको नीति, नियत वा नियति

**अंगराज तिमिल्सिना**

अमर्त्य सेनका अनुसार राजनीतिक र आर्थिक स्वतन्त्रताहरू विकासको अन्तिम उपलब्धि मात्र होइनन्, विकासलाई प्राप्त गर्ने माध्यम पनि हुन। २०४६ सालको आन्दोलनलाई स्वतन्त्रताको प्रस्थानबिन्दु मान्ने हो भने बितेका ३४ वर्ष नेपालका लागि स्वर्ण युग हुन सक्थे। नेपालले विकासमा ठूलो फड्को मार्ने प्रचूर सम्भावना नभएको होइन, नेपालको तीन दशक समय राजनीतिक अस्थिरता, संक्रमण र अधिकारको आन्दोलनमै बित्यो। ३४ वर्षमा नेपालमा २९ सरकार बने तर मेलम्ची खानेपानी परियोजना अझै अधुरो छ। २५ वर्षकै अवधिमा सिंगापुर तेस्रो विश्वबाट पहिलो विश्व बन्यो। २०४६ सालमा बहुदलीय सरकार बन्दै गर्दा नेपालको प्रतिव्यक्ति आय १८० अमेरिकी डलर थियो भने भियतनामको १४१ डलर अर्थात् नेपालको भन्दा कम। सन् २०२१ सम्म आइपुग्दा नेपालको प्रतिव्यक्ति आय १,२०० डलर र भियतनामको ३,७५६ डलर अर्थात् नेपालको भन्दा ३ गुणाभन्दा बढी भइसकेको थियो। भयंकर द्वन्द्वको विनाशबाट निस्किएको रुवान्डा अहिले विकासको चमकदार उदाहरण मानिन्छ। गत २० वर्षमा रुवान्डाको अर्थतन्त्र वार्षिक औसत ७ प्रतिशतले वृद्धि भएको छ भने बेरोजगारी १ प्रतिशतमुनि छ। लैंगिक समानतामा रुवान्डा विश्वका सात देशभित्र पर्छरु विकासको यही रफ्तार कायम भए रुवान्डा अबका १२ वर्षमा मध्यम आय भएको र सन् २०५० सम्म उच्च आय भएको देश बन्नेछ।

निःसन्देह विकासको मोडल आफ्नै मौलिकताअनुसार हुनुपर्छ। भू( राजनीति, प्राकृतिक स्रोत, इतिहास, शासन प्रणाली, संस्कृति, सामाजिक परिवेश आदि कुनै न कुनै रूपले विकास र समृद्धिसँग जोडिएका हुन्छन। तर विश्वमा विकास र समृद्धिको स्तर देखाउने बजार प्रतिस्पर्धा, भ्रष्टाचार निवारण, मानव विकास, सुशासन, ईशासन, नवपरिवर्तन, व्यवसाय सञ्चालन, जीवनयापनको गुणस्तर र बौद्धिक क्षमताको स्तर आदि एक दर्जनभन्दा बढी सूचकांकहरूमा नेपालको श्रेणी पुछारमा पर्नुले नेपाल किन आफ्नो सम्भावनाअनुसार बन्न सकेन भन्ने प्रश्न उठ्छ।

नेपालको गत ३० वर्षको औसत आर्थिक वृद्धिदर ४ प्रतिशतवरिपरि छ। यही गतिमा कुल गार्हस्थ्य उत्पादनलाई दुई गुणा बनाउन १८ वर्ष लाग्छरु भारतको झारखण्ड राज्यले गत ८ वर्षमै आफ्नो गार्हस्थ्य उत्पादन दुई गुणा बनायो। ४ प्रतिशतको औसत आर्थिक वृद्धिदरले उच्च आय अर्थात् प्रतिव्यक्ति आय १३,५०० डलरभन्दा बढी भएको देशमा पुग्न नेपाललाई करिब ६५ वर्ष लाग्नेछ अर्थात् अहिले जन्मेको एउटा बालक त्यस बेला ६५ वर्षको हुनेछ। अरू देश चुनौती र प्रतिकूलतालाई चिरेर विकास र समृद्धिमा दौडिरहेका बेला हामी अझै पनि बामे सर्नुको कारण हो- हाम्रा नीति र नियतमा रहेको ठूलो खोट। २०४६ सालको आन्दोलनपछि संसद् विघटन, मध्यावधि निर्वाचन र छिनछिनमा सरकार परिवर्तनजस्तो राजनीतिक अस्थिरतामा देश नगएको भए; भ्रष्टाचारलाई राजनीतिको खुला मानक नबनाएर सेवा प्रवाहदेखि शासन सञ्चालनमा सुशासनका न्यूनतम मान्यता कायम गरिएको भए माओवादी सशस्त्र द्वन्द्वले मात्रै विकास र समृद्धि पछि धकेलिने थिएन। २०६२/६३ सालको जनआन्दोलनले देशलाई लोकतान्त्रिक गणतन्त्र, समावेशिता र समानुपातिक प्रणालीसहितको राजनीतिक अधिकार त दिलायो तर नेपाल आर्थिक सशक्तीकरणमा गतिशील बन्न सकेन।

गठबन्धन सरकारहरू अरू देशमा पनि बन्छन। जर्मनी गठबन्धन सरकारले नै चलेको छ, तर २२ वर्षको अवधिमा केवल ५ वटा सरकारले देश चलाए। नेपालमा गठबन्धनको संस्कार विकास नै भएन। किन सरकारमा जाने, किन छोड्नेरु? सरकारमा जाने जनादेश प्राप्त छ कि छैन; गठबन्धनसँग आफ्नो सिद्धान्त, नीति र चुनावी मेनुफेस्टो मिल्छ कि मिल्दैन भन्ने पक्ष नेपालमा सत्ताका अगाडि गौण छन। गठबन्धनको संस्कार भएका देशहरूमा साना पार्टीहरूले सरकारको नेतृत्व गर्न वा सरकारमा जान हानाथाप गर्दैनन् किनकि यो चुनावको म्यान्डेटविरुद्ध हुन्छ। विश्वमा अल्पमतमा चल्ने वा छोटो समयमा सरकार परिवर्तन हुने देशहरू पनि छन्, तर एउटाले सुरु गरेको परियोजनामा अर्कोले भाँजो हाल्ने वा पुरानो सरकारले श्रेय पाउला भनेर राम्रा कार्यक्रमहरूलाई निष्प्रभावी बनाउने काम गरिँदैन। नीति र नियत सही हुने हो भने सशस्त्र द्वन्द्व वा महाभूकम्पजस्ता विपत्तिपछिको पुनर्निर्माण विकास र समृद्धिका लागि एउटा ठूलो मौका हुन्छ; जस्तो( रुवान्डा, भारतको गुजरात वा चीनको सिन्चुवान। माओवादी द्वन्द्व वा २०७२ सालको विनाशकारी भूकम्पपछि नेपालले विकास र समृद्धिमा फड्को मार्ने मौका गुमायो। चीन र भारतबीचको भूपरिवेष्टित देश भएकाले नेपाल पछाडि परेको भन्ने गरिन्थ्यो। चीन र भारत विश्वका ठूला आर्थिक शक्ति बन्ने पथमा लम्किँदा नेपालको भूजडिता विकासका लागि आशीर्वाद हुने देखियो। तर विडम्बना, सत्ता जोगाउन उत्तर र दक्षिण कतातिर ढल्किँदा यी शक्तिहरू 'कम्फरटेबल' हुन्छन् भन्ने प्रतिस्पर्धा नेपालमा चल्ने गर्छ। आर्थिक नीति र सुशासनबीच गहिरो सम्बन्ध हुन्छ। राम्रा नीतिको तर्जुमा पहिलो खुड्किलो हो भने राज्यको स्रोत हिनामिना हुन नदिएर निर्धारित लक्ष्यलाई समयमै प्राप्त गर्नु सुशासन हो। तर नेपालमा भ्रष्टाचार नियन्त्रणको प्रतिबद्धता हात्तीको देखाउने दाँतजस्तो भइरहेको छ।

भ्रष्टाचार नियन्त्रणको मुख्य जिम्मेवारी प्रधानमन्त्रीको हो तर यो काम अख्तियारको हो भन्ने भ्रम छ। अख्तियार र अदालतदेखिका शक्ति सन्तुलन गर्ने संवैधानिक संस्थाहरूको चरम राजनीतीकरण भएको छ। हाम्रो लोकतन्त्रलाई विश्वकै अनुपम हो भन्छौं तर सार्वजनिक पद धारणा गर्नेको सम्पत्ति घोषणा र जाँचबुझ अनि सार्वजिक र व्यक्तिगत स्वार्थको छानबिन गरेर कारबाही गर्ने प्रभावकारी कानुन एवं संस्थागत संयन्त्र नेपालमा छैनन। करिब ८ खर्ब रुपैयाँ राजस्व उठ्ने देशमा १ खर्ब १९ अर्बभन्दा बढी बेरुजु देखिनु आर्थिक अनुशासनहीनताको चरम अवस्था हो। बेरुजुमा संलग्न व्यक्ति र संस्थाहरूलाई उत्तरदायी बनाउने प्रभावकारी संयन्त्र नभए हरेक वर्ष १५ प्रतिशतले बढ्दै गएको बेरुजु विकास र समृद्धिको बाधक बन्नेछ। गत ३४ वर्षमा नेपालमा निजी क्षेत्र र बजार अर्थतन्त्रको विकास त भयो तर सार्वजनिक र निजी क्षेत्रले प्रदान गर्ने शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यक सेवाको गुणस्तरमा असमानता बढ्दै गयो। बैंकदेखि दूरसञ्चारसम्मको विकासले कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको हिस्सा ६० प्रतिशतभन्दा बढी पुग्यो तर औद्योगिक र कृषि क्षेत्रको उत्पादन खुम्चिँदै गयो। निजी क्षेत्रको विकासले बजार अर्थतन्त्रको निर्माण त भयो तर यसैसँगै आसेपासे पुँजीवाद पनि बढ्यो। बजार अर्थतन्त्रको सौन्दर्य भनेकै प्रतिस्पर्धा हो तर नेपालमा जतातत्तै सिन्डिकेट प्रणालीको विकास भयो। राजनीतिमा पैसाको प्रभावका कारण प्रशासन र राजनीतिक प्रणालीमा त्यही अभिजात वर्ग हाबी भयो। नेपालको ६० प्रतिशतभन्दा बढी जनसंख्या युवा हुनु विकास र समृद्धिका लागि ठूलो अवसर हो। हरेक वर्ष ४ लाख युवा श्रम बजारमा आउँछन् तर युवामा बेरोजगारी झन्डै २० प्रतिशत छ। नेपालको मूल आपूर्ति नै युवाहरू भएका छन। ३-४ लाख युवा हरेक वर्ष बाहिरिँदा आफ्नो विकास र समृद्धिका लागि चाहिने जनशक्तिको नेपालमा अभाव छ। नेपालको अर्थतन्त्रको संरचना दुई धारको तरबारजस्तै छ। विप्रेषणबाट पैसा नआउँदा इन्धन, खाद्य र औषधि सम्मको आयात ठप्प हुने अनि विप्रेषण बढ्दा अर्थतन्त्र उत्पादनभन्दा उपभोगवादी बढी हुने र आयात बढेर जाने ! आयात बढ्दा देशको राजस्व बढ्ने तर त्यही आयात बढ्दा व्यापार घाटा र परनिर्भरता पनि बढ्ने ! जनगणना-२०७८ अनुसार युवाको जनसंख्या घटिरहेको छ भने सन् २०५० मा ६० वर्षमाथिको जनसंख्या बढेर झन्डै १६ प्रतिशत पुग्नेछ। युवा जनसंख्याको भरपुर फाइदा उठाएर विकास र समृद्धिमा छलाङ मार्न नेपालसँग अब २/३ दशकको मात्र समय छ। यो समय खेर गए विकासै नदेखेर हाम्रो जनसंख्या बूढो हुनेछ। करिब ७-८ खर्बको राजस्वले कर्मचारीको तलब जुटाउन सक्नेसम्म अवस्था छैन भने पुँजीगत खर्च गर्ने क्षमताको अभाव; अपरिपक्व परियोजनलाई रकम विनियोजन; फितलो कार्यान्वयन, अनुगमन र सुपरीवेक्षणजस्ता कारणले ऋण र अनुदान गरेर छुट्टयाइएको २/३ खर्ब जतिको विकास खर्च कछुवा गतिमा छ। कुल गार्हस्थ्य उत्पादनको ४२/४३ प्रतिशत ऋण भएकाले हरेक बजेटको झन्डै २ खर्ब ऋण तिर्न छुट्ट्याउनुपर्छ। विश्व अहिले अभूतपूर्व स्थितिबाट गुज्रिरहेको छ। गरिबी चरममा छ; मानव विकास दुई दशकमा पहिलोचोटि ओरालो लागेको छ; सस्तो लोकप्रियता, अतिवादको राजनीति र सत्ता-लोलुपताले लोकतन्त्रहरू कमजोर बनिरहेका छन। युक्रेन-रुसको युद्धले खाद्य र इन्धन संकट, मूल्यवृद्धि र शक्ति राष्टूहरूबीचको टकराब निम्त्याएको छ। अफ्रिका र मध्यपूर्वको एकतिहाइ भूभाग द्वन्द्वमा छ। एकतिहाइ विकासशील राष्टूहरू सार्वजनिक ऋण तिर्न नसक्ने अवस्थामा छन। जलवायु परिवर्तनले अर्थतन्त्र, जनजीविका र पृथ्वीको भविष्यमाथि नै धावा बोलिरहेको छ।

अर्थतन्त्रको संरचनामा परिवर्तन गरौं, पुँजीगत खर्च बढाऔं, रोजगारी सिर्जना गरौं, दोहोरो अंकको आर्थिक वृद्धि गरौं भनेको वर्षौं भइसक्यो। गत ६७ वर्षमा १५ वटा आवधिक परियोजनाहरू बनाइए तर रूपान्तरणकारी प्रगति हुन सकेन।

नेपालको बजेट बनाउने तरिकामै आमूल परिवर्तन जरुरी छ। बजेट केवल विज्ञले बन्दकोठामा बसेर बनाउने खर्च र आम्दानीको दस्तावेज मात्र होइन, यो देश र जनताको भविष्यको 'ब्लु प्रिन्ट' पनि हो। सिंगापुरमा बजेटलाई घर-घरमा पठाइन्छ। अमेरिकामा दुवै सदनमा घण्टौं बहस हुन्छ र आवश्यक संशोधनपछि बजेट पास हुन्छ। नेपालको संसद्मा पनि घण्टौं बहस त हुन्छ तर प्रस्तुत बजेटको अल्पविराम (कमा) पनि परिवर्तन हुँदैन। स्रोत सुनिश्चित गर्न बजेट वार्षिक नभएर बहुवर्षीय अवधारणामा जान जरुरी छ ताकि आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच सामञ्जस्य प्रभावकारी होस।

धेरै देशमा आर्थिक नीतिहरूको तर्जुमा गर्दा कार्यान्वयनलाई बलियो बनाउन सुशासनलाई मुख्य आधारस्तम्भका रूपमा समेटिन्छ। रुवान्डाको 'नेसनल स्ट्र्याटिजी फर ट्रान्सफर्मेसन' भन्ने सात वर्षीय योजनाले देशको रूपान्तरणलाई आर्थिक, सामाजिक र सुशासनमा बाँडेको छ। नेपाल विकासमा बामे सर्ने होइन, दौडिने हो भने राष्ट्रिय सहमतिमा आर्थिक नीति र सुशासनका लागि रूपान्तरणको दशक घोषणा गरौं र सुधारको १० वर्षे रणनीतिलाई कार्यान्वयनमा ल्याऔं। असल नियत र दृढ इच्छाशक्ति भए आर्थिक रूपान्तरणका लागि ८-१० वटा काम गरे पुग्छ। अर्थतन्त्रको संरचना बदल्न उद्योग र कृषि क्षेत्रको उत्पादनलाई प्राथमिकता दिऔं। लगानीलाई उत्पादन र रोजगार विस्तारमा केन्द्रित गर्न वित्तीय क्षेत्र सुधारको महत्वाकांक्षी कार्यक्रम सुरु गरौं ताकि लगानीमा सबैको पहुँच पुगोस। राजस्व बढाउन कर व्यवस्था र प्रशासनमा सुधार गरौं, जस्तो कि कर प्रणालीलाई लगानीमैत्री बनाउने, करसम्बन्धी कानुनमा राष्ट्रिय सहमति गर्ने, करका दायरा हचुवाका भरमा परिवर्तन नगर्ने, छिमेकी मुलुकका तुलनामा बढी कर नलगाउने, राजस्व प्रशासनलाई व्यावसायिक र कर प्रणालीलाई पारदर्शी बनाउने।

नेपालमा सामाजिक सुरक्षा भनेको भत्ता बाँड्ने हो भन्ने छ। कनिकाझैं छरिएका यस्ता कार्यक्रमको दायित्व अहिले नै १ खर्ब छुँदै छ। मानव विकासमा फड्को मार्न र थोरै भए पनि युवाहरूको विदेश पलायन रोक्न सार्वजनिक शिक्षा र स्वास्थ्यको गुणस्तरमा सुधार अत्यावश्यक छ। सामाजिक सुरक्षा भनेको रुवान्डा, जापान वा क्यानडाको जस्तो सर्वव्यापी स्वास्थ्य सेवा हो। यसका लागि नेपालमा स्वास्थ्य बिमालाई प्रभावकारी बनाइनुपर्छ। नेपालमा साक्षारता बढेको छ, तर सार्वजनिक शिक्षाको गुणस्तर खस्किएको छ। सार्वजनिक ओहोदामा बस्नेलाई शिक्षा अनुवृत्ति (सब्सिडी) दिने र परिवारको स्वास्थ्य बिमा गरिदिने तर सेवाचाहिँ सार्वजनिक संस्थाबाटै लिनुपर्ने प्रावधान भए सार्वजनिक सेवाको गुणस्तर बढाउन सहयोग मिल्ने थियो। भुटानमा जस्तै नेपालको हरेक पालिकामा एउटा मोडल स्कुल बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## रामेछाप बाबियाखर्कमा श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ८ बाबियाखर्कको गणेश चोकमा श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ जारी छ। यहि वैशाख १९ गते सुरु भएको श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ वैशाख २७ गतेसम्म संचालन हुनेछ।

बाबियाखर्कका दामोदर घिमिरेले व्यक्तिगत लगानीमा श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ लगाउनुभएको हो। काश्यप गोत्र घिमिरे थरका समस्त पितृहरुको वैकुण्ठवासको कामना गर्दै श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ लगाइएको हो। श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञमा प्रशिद्ध पण्डित प्रमोद सुवेदी र विष्णु प्रसाद ढुंगानाले पाठ पारायण तथा संगीतमय कथा वाचन गरिरहनुभएको छ।

## जिल्ला प्रशासन कार्यालय रामेछाप बिदाका दिन पनि खुल्ने

जिल्ला प्रशासन कार्यालय रामेछापलले सार्वजनिक बिदाका दिनसमेत कार्यालय खोलेर नागरिकलाई सेवा दिने भएको छ। उक्त व्यवस्था यही वैशाख १ गतेदेखि लागू गरिएको कार्यालयले सूचना मार्फत जानकारी गराएको हो। शनिबार र दसैं तिहारजस्ता सार्वजनिक बिदाबाहेक सार्वजनिक बिदाका दिनमा कार्यालय संचालन हुने सूचनामा जनाइएको छ। प्रमुख जिल्ला अधिकारी अनिता निरौलाका अनुसार नागरिकको सुविधाका श्रीकृष्ण जन्माष्टम, रक्षाबन्धन, घटस्थापना, क्रिसमस, उभौली, धान्यपूर्णिमा, तमु ल्होसार, माघी, सोनाम ल्होसार, महाशिवरात्री र ग्याल्पो ल्होसारका दिन कार्यालयबाट सेवा संचालन हुनेछ।

त्यसैगरी ईद, बकरईद, गणतन्त्र दिवस, जनयुद्ध दिवस, प्रजातन्त्र दिवस, महिला दिवस, बुद्ध जयन्ती र पृथ्वी जयन्तीका दिनमा पनि कार्यालय खुल्ने जनाइएको छ। सार्वजनिक बिदाका दिन नागरिकता प्रमाणपत्र जारी हुने, राहदानीको सिफारिस हुने र राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा संचालन हुने उक्त कार्यालयले जनाएको छ। बिदाका दिन मुद्दा, प्रशासन, संघसंस्थालगायतका अन्य शाखाको काम भने हुने छैन।

## रामेछाप डाँडामा रहेको पशुपतिनाथ मन्दिरको पुनःनिर्माण सुरु

रामेछाप जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजार नजिकै रहेको पशुपतिनाथ मन्दिरको पुनःनिर्माण सुरु भएको छ। बर्षौं पुरानो मन्दिरको २०५२ सालमा रणशेर गुल्मले जिर्णोद्धार गरेको थियो।

त्यसपछि २०७२ को भुकम्पले आंशिक क्षती गरेको मन्दिर संरक्षणको पर्खाइमा थियो। मन्दिर पुरै भत्काएर नयाँ बनाउन लागिएको रामेछाप नगरपालिका वडा नं ८ का वडाअध्यक्ष सन्तोष तामाङले जानकारी दिनुभयो।

बाग्मती प्रदेशको १० लाख,रामेछाप नगरपालिकाको १२ लाख र रामेछाप बजार टोल विकास समितीले देउसी भैलो खेलेर संकलन गरेको १० लाख गरी ३२ लाखको लागतमा मन्दिर निर्माण हुने वडाअध्यक्ष तामाङले बताउनुभयो। काठमाण्डौंमा रहेको पशुपतिनाथ मन्दिरकै शैलीमा नयाँ मन्दिर निर्माण हुने छ। उपभोक्ता समिति मार्फत मन्दिरको पुनःनिर्माण सुरु भैसकेको वडाअध्यक्ष तामाङले बताउनुभयो।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# सिद्धार्थ पे एण्ड सेभ खाता योजना सार्वजनिक

सिद्धार्थ बैंक लिमिटेडले अभिभावक तथा बालबालिकालाई लक्षित गर्दै नेपालमै पहिलो पटक अद्वितीय सुविधा भएको 'सिद्धार्थ पे एण्ड सेभ खाता' सञ्चालनमा ल्याएको छ। शुन्य मौज्दातमै खोल्न सकिने यस खातामा अभिभावकले




डेबिट कार्ड र मोबाइल बैंकिङमार्फत एक सय रुपैयाँ भन्दा बढीको विद्युतीय कारोबार गरेको अवस्थामा सो कारोबार रकमलाई आधार बनाई निश्चित रकम अभिभावकको खाताबाट कट्टा भई बालबालिकाहरूको खातामा स्वतः जम्मा हुनेछ। डिजिटल कारोबारलाई प्रोत्साहित गर्दै बालबालिकाको लागी आजैबाट सानो सानो बचत गर्दै जान अभिप्रेरित गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको यस खातामा बैंकले अभिभावक र बालबालिका दुबैको खातामा विशेष आकर्षणको रुपमा पहिलो वर्षका लागि निस्शुल्क डेबिट कार्ड र बैंक स्मार्ट एक्सपी सेवा प्रदान गर्नेछ। ग्राहकलाई यस खाता खोली यथासिघ्र लाभ लिन प्रेरित गर्ने उद्देश्यका साथ सीमित अवधिका लागि क्यासब्याक योजना पनि उपलब्ध गराइएको छ। यस क्यासब्याक योजना अन्तर्गत अभिभावकले डेबिट कार्डमार्फत पहिलो पटक पिओएस् वा अनलाईनबाट न्युनतम एक हजार रुपैयाँको कारोबार गर्दा कारोबार रकमको ५ प्रतिशत (अधिकतम रु १००) क्यासब्याक पाउन सक्ने बताइएको छ। यसरी प्रदान गरिने क्यासब्याक रकम बालबालिकाहरुको खातामा जम्मा हुनेछ। यस खाताले अभिभावक वर्गहरुलाई डिजिटल प्रणालीको प्रयोग गर्न उत्प्रेरित गर्नुका साथै स-सानो बचत गरी आफ्नो बालबालिकाका लागि केही रकम बचत गर्न सहयोग पुग्ने विश्वास लिएको बैंकले जनाएको छ।

# नबिल बैंकले ल्यायो 'नबिल ढुक्क बचत खाता'

नबिल बैंक लिमिटेडले आकर्षक सुविधासहित 'नबिल ढुक्क बचत खाता' सञ्चचालनमा ल्याएको छ। उच्चतम ब्याजदर र तीन वटा बीमा सुविधासहित बचत खाता सञ्चालनमा ल्याएको नबिल बैंकले जनाएको छ। बैंकका अनुसार यस खातामा आवद्ध हुने ग्राहकले औषधोपचार बीमा वापत एक लाख रुपैयाँ,




दुर्घटना बीमा वापत १० लाख रुपैयाँ र प्राणघातक रोग बीमा बापत तीन लाख ७५ हजार रुपैयाँ दाबी गर्न पाउनेछन्। त्यसैगरी यस खातामा निःशुल्क डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ, डिम्याट तथा मेरो सेयरको सुविधा पाउन सकिने नबिल बैंकले जनाएको छ। महिनामा ५ पटकसम्म अरू बैंकको एटीएमबाट पनि निःशुल्क पैसा झिक्न पाइने सुविधा यस खातामा रहेको छ। नबिल फोन लोनको सुविधा पनि यस खाताको विशेषता रहेको छ। साथै लक्कर को सुविधा पनि रहेको यस खातामा लक्कर पहिलो वर्ष निःशुल्क रहनेछ भने दोस्रो वर्षबाट ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। ७.४० प्रतिशतको उच्च ब्याजदर समेत रहेको नबिल ढुक्क बचत खाता खोल्नका लागी ग्राहक वर्गले न्यूनतम एक लाख अनिवार्य जम्मा गर्नुपर्नेछ। दैनिक रूपमा काममा आउने बैंक सेवा तथा सुविधामा विशेष छुट दिने गरी ल्याइएको यस ढुक्क बचत खाताले ग्राहक वर्गका आवश्यकता पुरा गर्ने विश्वास बैंकले गरेको छ।

# लक्ष्मी केयर्सले गरे सहयोग

लक्ष्मी बैंकका कर्मचारीद्वारा स्थापित तथा सञ्चालित गैर सरकारी संस्था लक्ष्मी केयर्सले लुम्बिनी सम्पदा क्षेत्र परिसरमा प्रयोगका लागि दुई थान विद्युतीय सवारी प्रदान गरेको छ। सो सवारी साधनरू ज्येष्ठ नागरिक, फरक ढंगले सक्षम लगायतका धर्मावलम्बी तथा पर्यटकहरूलाई लुम्बिनी सम्पदा क्षेत्र परिसरभित्र निःशुल्क यात्राको लागि प्रयोग हुनेछ। आगामी बुद्व जयन्तीको अवसरमा लुम्बिनी भ्रमणमा आउने धर्मावलम्बीहरूको सुविधालाई ध्यानमा राख्दै सो विद्युतीय सवारीहरू प्रदान गरिएको हो।

# एभरेष्ट बैंकको भैरहवा शाखा आफ्नै भवनमा

भैरहवास्थित एभरेष्ट बैंक लिमिटेडले आफ्नै नवनिर्मित भवनबाट सेवा सुरु गरेको छ। बैंकको रुपन्देहीस्थित सिद्धार्थनगर नगरपालिका-७ नारायणपथमा अवस्थित भैरहवा शाखा सोही नगरपालिका वडा नं. १२, प्रहरी टोलमा (हालको स्थानबाट करिब ४५) मिटर दक्षिणतर्फ आफ्नै नवनिर्मित भवनमा), स्थानान्तरण भई सम्पूर्ण बैंकिङ सेवा तथा कारोबारहरु सञ्चालन गरेको हो। उक्त नवनिर्मित शाखाको उद्धाटन सिद्धार्थनगर नगरपालिकाका मेयर इश्तियाक अहमद खाँ र बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले संयुक्त रुपमा गरेका छन्। भवनको उद्धाटन समारोहमा सिद्धार्थनगर चेम्बर अफ कमर्सका अध्यक्ष ठाकुरकुमार



श्रेष्ठ, नेपाल राष्ट्र बैंक भैरहवाका नायब निर्देशक जीवन प्रकाश पाण्डे, जि.प्र.का रुपन्देहीका प्रहरी निरीक्षक सुरेश पन्त, बैंकका लुम्बीनी प्रदेशका प्रादेशिक-प्रबन्धक लवप्रसाद कुईकेल साथै बैंकका बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्पराज उप्रेती लगायत अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका मेयर खाँले एभरेष्ट बैंक सो क्षेत्रको एक अग्रणी बैंक भएको र भैरहवा र सो आसपासको क्षेत्रको विकासमा बैंकले उल्लेख्निय भूमिका खेलेको धारणा राखे। यस्तै, बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले आफ्नै नवनिर्मित भवनबाट ग्राहकहरुले सम्पूर्ण आधुनिक बैंकिङ्ग सेवा तथा सुविधा उपभोग गर्न सक्ने बताए। साथै सो समारोहमा बैंकले विगत २५ वर्षदेखि निरन्तर रुपमा बैंकसँग आवद्ध ग्राहक नारायण बराईलाई सम्मान समेत गरेको थियो। पंजाब नेशनल बैंक भारत संग संयुक्त साझेदार रहेको यस बैंक स्थापना कालदेखि नै ग्राहकहरुको पहिलो रोजाइको यस बैंकमा हालसम्म करिब १३ लाख सन्तुष्ट ग्राहकहरु रहेका छन्। साथै देशैभरी छरिएर रहेको आफ्नो १२४ शाखा संजाल, ४ एक्सटेन्सन काउण्टर, प्रादेशिक कार्यालयहरु, १६० एटीएमसहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल र इन्टरनेट र एसएमएस बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको छ। बैंकले नेपाल सरकारको राजस्व संकलनको लागि ३२ वटा संकलन केन्द्रबाट समेत सेवा दिँदै आइरहेको छ।

# महालक्ष्मी विकास बैंकको सामाजिक उत्तरदायित्व कार्यक्रम

काठमाडौं। "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २८ वर्षदेखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडका शाखाहरुद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरर्गत स्वास्थ्य प्रतिष्ठान, नेपाल प्रहरी तथा विद्यालयलाई सहयोगका कार्यक्रमहरु सम्पन्न भएका छन्। बैंकको नेपालगंज शाखाद्वारा कोहलपुर नगरपालिका वडा नं ११ मा अवस्थित निर्धन उत्थान सञ्जिवनी स्वास्थ्य प्रतिष्ठानलाई सेमी अटो बायोकेमिस्ट्री एनालाइजर मेसिन हस्तान्तरण गरिएको छ। स्वास्थ्य प्रतिष्ठानमा उपचारका निमित्त आउने त्यस क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका समुदायलाई न्युनतम मूल्यमा किड्नी, लिभर, सुगर र युरीक एसिड सम्बन्ध प्रयोगशाला चेकजाँचमा सहजता पुऱ्याउने उद्देश्यले बैंकले उक्त सहयोग गरेको थियो। निर्धन उत्थान सञ्जिवनी स्वास्थ्य प्रतिष्ठान बाँकेका अध्यक्ष पुर्णिमा शाहीलाई यस बैंकका



लुम्बिनी प्रदेश "ख" का प्रदेशिक प्रबन्धक खगेन्द्रबहादुर साउद र नेपालगंज शाखाका शाखा प्रवन्धक बिन्दुप्रसाद शर्माले संयुक्त रुपमा हस्तान्तरण गरेका हुन्। उक्त कार्यक्रममा अध्यक्ष पुर्णिमा शाहिले सहयोग प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्नुका साथै आगामी दिनमा पनि यस्तै किसिमको सहयोगको अपेक्षा व्यक्त गरे। त्यस्तै बैंकको डल्लु र ठमेल शाखाद्वारा जिल्ला प्रहरी परिसर, टेकु, काठमाडौंलाई ब्यारिकेट, कोन तथा गोप्रो क्यामरा हस्तान्तरण गरिएको छ। काठमाडौं महानगरपालिकामा सार्वजनिक सुरक्षा, अमन चयन कायम राख्न, सम्भावित अपराधको रोकथाम नियन्त्रण तथा अनुसन्धान गर्नका साथै तीव्र गतिमा सवारी साधन चलाउने, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालकहरुको नियन्त्रण तथा चेक जाँच गर्ने प्रयोजानार्थ बैंकले उक्त सहयोग प्रदान गरेको थियो। जिल्ला प्रहरी परिसर, टेकुका प्रहरी वरिष्ठ उपरीक्षक धनबहादुर कार्कीलाई डल्लु शाखाका शाखा प्रवन्धक आशिषबहादुर धमला र ठमेल शाखाका शाखा प्रबन्धक युधिरमान सिंहले संयुक्त रुपमा उक्त सामाग्री हस्तान्तरण गरेका हुन्। बैंकको विरगंज शाखाद्वारा विरगंज महानगरपालिका वडा नं १४ मा अवस्थित श्री सिद्धार्थ माध्यामिक विद्यालयलाई छ थान स्मार्ट टेलिभिजन हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको छ। बालविकास इसिडिदेखि १२ कक्षासम्म अध्यापन गराइने विद्यालयलाई विद्यार्थी मैत्री बनाउन मद्दत पुऱ्याउने उद्देश्यले बैंकले इसिडिदेखि ५ कक्षासम्मका विद्यार्थीहरुका लागि स्मार्ट टेलिभिजन सहयोग गरेको हो। श्री सिद्धार्थ माध्यामिक विद्यालय व्यवस्थापन समितिका सदस्य शिव शंकर पटेललाई बैंकका मधेस प्रदेशका प्रादेशिक प्रबन्धक सुदिप चन्द्र पोखरेल र विरगंज शाखाका शाखा प्रबन्धक पुरुषोत्तम अधिकारीले संयुक्त रुपमा टेलिभिजन हस्तान्तरण गरेका हुन्। आगामी दिनहरुमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक रुपान्तरणका विभिन्न कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्ने बैंकले जनाएको छ।

## अर्थ संसार

# संकटा क्लबको प्रायोजकमा हिमालयन बैंक

हिमालयन बैंक लिमिटेडले शहिद स्मारक ए डिभिजन फुटबल प्रतियोगितामा सहभागी रहेको न्यूरोड स्थित संकटा क्लबलाई रुपैयाँ दश




लाख प्रदान गरी प्रायोजन गरेको छ। बैंकले सो रकम खेलाडीहरुको खेल तयारी तथा खेलमा आवश्यक पर्ने सर-सामान खरिद गर्न उक्त क्लबलाई मद्दत स्वरुप प्रदान गरेको हो। बैंकले विगतदेखि नै देशमा विभिन्न खेलकुद तथा खेलाडीहरुको विकास र प्रवर्द्धनमा योगदान प्रदान गर्दै आएको छ। बैंकका तर्फबाट बैंकका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत अशोक शम्शेर राणाले सो रकम एक समारोहका बीच संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरलाई हस्तान्तरण गरेका छन्। समारोहमा नायब प्रमुख कार्यकारी अधिकृत उज्जल राजभण्डारी लगायत अन्य वरिष्ठ पदाधिकारीहरु सहित वडा नं २२ का वडा अध्यक्ष चिनीकाजी महर्जन लगायत क्लबका अन्य प्रतिनिधिहरुको उपस्थिति रहेका थियो।

यता हिमालयन बैंक लिमिटेडले महाराजगंजस्थित नेपाल प्रहरी अस्पतालमा बैशाख २१ गते बिहिबारदेखि नगद संकलन काउन्टर सञ्चालनमा ल्याएको छ। बैंक र अस्पतालले एक समारोहका बीच नगद संकलन काउन्टर संचालन गर्ने सम्झौता गरेको हो। बैंकले अस्पतालमा उक्त सेवा २४ सै घण्टा (सार्वजनिक बिदाका दिनहरुमा पनि) प्रदान गर्नेछ। बैंकद्वारा प्रदान गरिने सो सेवाले अस्पतालमा सेवा लिन आउने बिरामी एवं बिरामीहरुका परिवार-आफन्तजन तथा अस्पतालका कर्मचारीहरुलाई सहजता प्रदान गर्नेछ। नगद संकलन काउन्टर संचालनमा ल्याउने सम्झौता पत्रमा बैंकका तर्फबाट बैंक का प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणा र अस्पतालका तर्फबाट अस्पतालका मेडिकल डाइरेक्टर डा. आशा सिंहले हस्ताक्षर गर्नु भएको थियो। सो समारोहमा बैंक तथा अस्पतालका अन्य कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो।

# म्याग्दीको तातोपानीमा गरिमा विकास बैंकको एटीएम

गरिमा विकास बैंकले उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका २ स्थित




भुरुङ तातोपानीमा एटीएम सेवा सञ्चालनमा ल्याएको छ। मुस्ताङ आउने जाने पर्यटकलाई लक्षित गरि एटीएम सेवा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ। एक कार्यक्रमका बीच बैंकका सञ्चालक दिपेन्द्र श्रेष्ठ र उक्त गाउँपालिका अध्यक्ष भरतकुमार पुनले संयुक्त रुपमा एटीएम सेवाको उद्धाटन गरेका हुन्। म्याग्दीकै पर्यटकीय स्थल भुरुङ तातोपानी भएर मुस्ताङ आउने जाने पर्यटकलाई बैंकको एटीएम काउन्टरले आर्थिक कारोबार गर्न सहज हुने अपेक्षा गरिएको छ।

# सन्राइज बैंकको २ शाखारहित बैंकिङ्ग सेवा बिस्तार

सन्राइज बैंक लिमिटेडले बैंकिङ्ग पहुँच नपुगेका देशका विभिन्न स्थानमा अत्याधुनिक बैंकिङ्ग सुविधा पुर्याउने उद्देश्यले शाखारहित बैंकिङ्ग सेवा विस्तार गर्दै आएको छ। सोही क्रममा वैशाख १५ शुक्रबार बैंकले प्रदेश ७ अन्तर्गत कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका वडा नं.७ कलुवापुरमा १०१ औं




र डडेल्धुरा जिल्लाको अजयमेरु गाउँपालिका वडा नं. ५ देवलदिव्यपुरमा १०२ औं शाखारहित बैंकिङ्ग सेवा शुभारम्भ गरेको थियो। उक्त शाखारहित बैंकिङ्ग सेवाहरु संचालनमा आएसंगै बैंकको शाखारहित बैंकिङ्ग संख्या १०२ पुगेको छ। बैंकले सेवा सञ्चालनका लागि कृष्णपुरका करम सिंह राना र देवलदिव्यपुरका नरेश भट्टलाई व्यवसायिक प्रतिनिधिका रुपमा नियुक्त गरेको छ। सो शाखारहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, रकम स्थानान्तरण लगायत बैंकले प्रदान गर्ने अन्य सेवा समेत उपलब्ध गराइने बताएको छ। बैंकको हाल १३९ वटा शाखा, १३ वटा एक्सटेन्सन काउण्टर, १६२ वटा ए.टि.एम र १०२ वटा शाखारहित बैंकिङ्ग सेवा मार्फत सेवा प्रदान गर्दै आइरहेको छ।

# शान्तिका दूत गौतम बुद्ध

विश्वनाथ खरेल

बौद्ध धर्मका प्रवर्तक गौतम बुद्ध राजा शुद्धोधनको एक मात्र छोरा थिए। यिनी कपिलवस्तु राज्यमा ईसापूर्व ५६३ वर्ष पहिले मायादेवीको कोखबाट जन्मेका थिए। यिनको नाम सिद्धार्थ थियो। यिनी शाक्य राजावंशका राजकुमार थिए। यिनी विलक्षण प्रतिभाशाली व्यक्तित्व थिए। यिनी गरीब गुरुवा व्यक्तिलाई कसरी उदार गर्न सकिन्छ भन्ने चिन्तन मनन अहोरात्र गरिरहन्थे। उनका पिताले आफ्नो छोराले सन्यासीरूप धारणा गर्ने देखेर २१ वर्षको उमेरमै यशोधरा नामकी एक राजकुमारीसँग विवाह गरिदिए।

यसरी यिनले १० वर्षसम्म घर व्यवहारमा गृहस्थीका रूपमा जीवन बिताए। यिनले बिरामी, बुढोको साथै एक दिन मुर्दा देखेर चिन्ताले यिनको दिलमा निकै नै ठूलो चिसो पस्यो। यी सबै कुरालाई देखेर मानिस किन यस्तो झन्झटमा फस्दछन् योभन्दा त सन्यासी हुनु नै राम्रो हो। यसरी समयले आफ्नो गति लिइरहेको थियो। यिनको ३० वर्षको उमेरमा एउटा छोराको जन्म भयो। तसर्थ छोराप्रति माया र मोहको जालोले फसिएला भनेर एक दिन रातमा आफ्नो घर छोडेर ज्ञानको खोजीमा हिडे। त्यसपछि उनको संसारप्रति भोगविलासलाई परित्याग गरी एउटा ब्राह्मणको चेलो बने। उनी धुम्दै फिर्दै बोधगाया भन्ने ठाउँमा पुगे। उनले यसै वृक्षको बोटमुनि बसेर छ वर्षसम्म कठोर तपस्या बसे।

यसै कारणले गर्दा ज्ञान प्राप्त भयो। त्यसरी आफूले प्राप्त गरेको ज्ञानलाई सबैसामु सुनाउन हिडे। यसै बेलादेखि यिनी गौतम बुद्धको नामले प्रख्यात भए। यसबेला उनको उमेर ३७ वर्षको थियो। आफूले प्राप्त गरेको ज्ञानलाई संसारभरि फैलाउन मानव वर्गमा रहेको दुःख तथा बेदनालाई हटाउन नेपाललगायत सारा विश्वका बौद्ध धर्मावलम्बीलाई प्रचारप्रसार गर्दै हिंडे।

यसरी वर्तमान नेपालको गौरवलाई ऐतिहासिक आधारमा विवेचना गर्दा यहाँ बौद्ध धर्मावलम्बीको गौरव गाथाले आज पनि उतिकै प्रेरणा दिएको छ। शान्तिनायक गौतम बुद्धको आज विश्वमा जुन प्रतिष्ठा आर्जित भएको छ। त्यसबाट बौद्ध संस्कृति नेपालको गरिमा पनि उतिकै महान् रहेको छ। भगवान् गौतम बुद्धले यस तपोभूमिको कुशिनगरलाई ८० वर्षको उमेरमा छोडेर गए।

गौतम बुद्ध संसारकै सबैभन्दा ठूला महात्मा, सबैभन्दा ठूला सन्त थिए। उनी महानतम मानवतावादी विचारक थिए। उनले सन्तप्त मानव जातिलाई आफ्नो कारुणिक विचारबाट शान्ति प्रदान गरे। भौंतारिरहेको विश्वलाई सुनिश्चित मार्गदर्शन गरे। गौतम बुद्ध कुनै तपोवनमा सन्यासी बनेर बसेनन, बरू घुमीघुमी आफ्नो विचार प्रचार गरे। उनले आफ्ना अनुयायी लाखौं भिक्षु तयार गरी तिनलाई संसारभर घुम्दै ज्ञानको प्रचार गरिरहने प्रेरणा दिए। उनको नारा थियो चरैवेति चरैवेति। घुमिराख र आफ्नो विचारको प्रचार गरिराख भन्ने थियो।

भिक्षुहरू घुम्नु जीवन हो, रुनु मृत्यु हो। उनको विचारले टुटेको मन र निराश जनलाई आशा प्रदान गऱ्यो। बुद्धले सगर्व उद्घोष गरिरहे कि मेरो विचार र कथन वेदअनुकूल नै हो। यसर्थ जगत्को कल्याण एवं सुख प्राप्ति केवल अहिंसाबाट मात्र सम्भव छ। सम्यक्मार्ग अपनाउने व्यक्ति नै महान् हुन्छ। हिंसाको बाटो अपनाउने व्यक्तिले एकछिन आनन्दको अनुभव गरे तापनि अन्ततः त्यसको फल कष्टप्रद नै हुन्छ।

यसरी सत्य भगवान् हो यो नै कीर्तिको मूलद्वार र स्वर्गद्वार प्राप्तिको बाटो हो। ज्ञान, दर्शन, राम्रो चरित्र र आत्मा नै शास्वत छ। अतः अहिंसा र सम्यक्को अर्थ नै धर्म हो ज्ञान र कृपाको समन्वयबाट मोक्ष प्राप्त हुन्छ। कसैको निन्दा चर्चा वा अवहेलना कहिल्यै नगर्नू।

समग्रमा भन्नुपर्दा हरेक साल वैशाख पूर्णिमा दिनलाई बुद्ध जयन्तीका रूपमा मनाइँदै आएको कुरा सबैलाई विदित्तै छ। यस साल २५६७औं बुद्ध जयन्ती वैशाख २२ गते २०८० मा भव्यताका साथ मनाउन बौद्धमार्गीलगायत सम्पूर्ण हिन्दुहरू पूर्ण तयारीमा छन्। विगतमा तीन/चार वर्षदेखि विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसले सबैलाई प्रभावित बनाएको छ। यतिबेला प्रकृति रमाइरहेको छ तर, विश्वका मानव जाति भने त्रसित छन्। यहाँ द्वन्द्व छ। एकले अर्को देशलाई आरोप पत्यारोप लगाइरहेका छन्। एकआपसमा करूणाको भावना हराएको छ।

तसर्थ, कोभिड(१९ लाई हामीले भयंकर विपद्का रूपमा लिइरहेका छौं। योभन्दा ठूला आपत्विपत् आउँन सक्छन् किनकि मानिसमा आत्मज्ञान भन्दा पनि अहंकार, रिस, क्रोध, जलन, स्वार्थ बढेको छ। फलतः यस दिनलाई बुद्ध जयन्ती वा चण्डीपूर्णिमाको नामबाट चिनिन्छ। यो मूलतः भगवान् गौतम बुद्धको महानिर्वाण प्राप्त गरेको स्मृतिमा वैशाख पूर्णिमाको दिन मनाइन्छ। यस धर्तीमा महापुरूषको जन्म विरलै हुन्छ। यिनले विश्वमा सत्यको प्रतिष्ठापन हिंसापूर्ण वातावरणको अन्त्य तथा शान्ति र समृद्धिपूर्ण विश्व समाजको स्थापनाका लागि जुन त्याग र बलिदानपूर्ण ओजस्वी भावना मुखरित गराउनुभएको थियो। त्यसकारण विश्वलाई पथ प्रदर्शनको बाटो देखाउने एक महामानवको सधैं सम्झना गर्ने प्रण गरौं।

गौतम बुद्धको सन्देशले फेरि पनि मानव जातिलाई अहिंसा, मित्रता र शान्तितर्फ लाग्ने प्रेरणा त दिए तर मानव समुदाय भने बुद्धवाट झन्झन् टाढिँदै गइरहेको झैं लाग्छ। अशिक्षा, गरिबी, हिंसा, विभाजनबाट प्रताडित विश्वसामु २५ शताब्दी अगाडि सिद्धार्थ गौतमले प्रस्तुत गरेका विचारहरू वर्तमान समस्या समाधानका निम्ति अचुक मन्त्र बन्न सक्छन्, तर तिनको पालनामा भन्दा पाठ गर्नमा गौतम बुद्धको योगदानलाई सीमित गरिएको प्रतीक हुन्छ। त्यस्तैगरी शीतयुद्धको समाप्तिपश्चात् विश्वमा शान्ति र मैत्रीपूर्ण सम्बन्ध विकसित हुने आशा गरिएको थियो। जुन युद्ध र शस्त्रास्त्र होडवाजीको रोस, अशिक्षा, बेरोजगारी, खाद्यान्न अभाव जस्ता मानव चुनौतीको प्रतिकार निम्ति अनुवाद हुनेछ भन्ने अपेक्षा गर्नु अस्वाभाविक पनि होइन।

तर, विश्वले अर्कै मोड लियो। समस्या समाधान हुनुको साटो झन् जटिल भएर देखिन थालेका छन्। रुस युक्रेनमा लडाइँ भइरहेको छ। यसैगरी संसारका अन्य भूभागमा पनि झैं झगडाले प्रश्रय पाइरहेको छ। यी कारणले गर्दा सोभियत संघलगायत विश्वका कैयौं देश विभाजित भए। तर, त्यसैसँगसगै परिवारसमेत विभाजन भएका छन्। जुन विभाजनको पीडा मात्र होइन, जातीय विखण्डन, सहअस्तित्वमाथिको अविश्वासले हिंसाको रूप लिइसकेको छ। जुन समस्या समाधानका निम्ति समयमै कदम चाल्न अन्तर्राष्ट्रिय संस्थासमेत प्रभावकारी हुन नसक्नाले टुटफुट र विभाजनले भित्री घाउको रूप लिन सम्भव भएको हो।

यसको साथै बुद्धको चार आर्यसत्य, अष्टांगिक मार्ग, उनले सिकाएको ज्ञान र ध्यानका विषयमा मानिसको मोह हराएर विश्व अशान्त बन्दै गएको छ। जब पोखरी हिलो हुँदै जान्छ तब सुन्दर कमलको फूल फुल्छ। यसमा नै कमलको फूल र बुद्धको सांकेतिक अर्थ छ।

राजधानी दैनिक

यसपटकको हिउँदे अधिवेशन सरकार गठन र पुनर्गठनमा नै सबैभन्दा बढी केन्द्रित रह्यो। सरकारलाई विश्वासको मत दिन र केही समिति गठनमा मात्रै यो अधिवेशन बढी अलमलियो। प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दुई/दुईपटक विश्वासको मत लिनुपर्ने संवैधानिक वाध्यता यसैबीचमा आइलाग्यो। गत ४ मंसिर २०७९ मा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणामले एकल बहुमतको सरकार कुनै पनि दलको बन्ने सम्भावना टारिदियो। पुस १० मा नेकपा एमालेसहितको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका माओवादी संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्डले पुस २६ मा प्रतिनिधिसभामा विश्वासको मत मागे। उनले २ सय ७० सांसद उपस्थित भएकोमा २ सय ६८ मत पाए। प्रतिशतका हिसाबले यो मत ९९.२५ प्रतिशत थियो। साँच्चिकै प्रधानमन्त्री प्रचण्डको सरकारले त्यतिबेला प्रचण्ड बहुमत नै पाएको थियो। सत्ता गठबन्धनको विपक्षी दल नेपाली कांग्रेसले समेत त्यतिबेला सरकारको समर्थनमा विश्वासको मत दिएर नवीन भाष्य सिर्जना गराएको थियो।

# आराधना गरी मनाइयो बुद्धजयन्ती

काठमाडौँ। शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २५६७ औं जन्म जयन्ती घर, गुम्बा, चैत्य, विहारमा श्रद्धा भक्तिपूर्वक पूजा आराधना, प्रवचन एवम् शान्ति सन्देश फैल्याउने योगदानको स्मरण गरी मनाइएको छ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती पर्व सिद्धार्थ गौतम अर्थात् शाक्यमुनि बुद्धले शान्तिको सन्देश फैल्याउन पुऱ्याउनुभएको योगदानको स्मरणमा उहाँप्रति आराधना, ध्यान गरी मनाइन्छ। भगवान विष्णुको नवौं अवतारका रुपमा कपिलवस्तु राज्यका राजा शुद्धोधन र मायादेवीका सुपुत्रका रुपमा उहाँले हालको रुपन्देहीको लुम्बिनीमा जन्म लिनुभएको थियो।

राजकुमारका रुपमा प्राप्त हुने सुखसयल छोडी दुःख निवारणको कारण खोज्न २९ वर्षको उमेरमा सिद्धार्थ गौतम तपस्याका लागि निस्कनुभयो। तपस्याबाट प्राप्त बुद्धत्वका माध्यमबाट उहाँले विश्व शान्ति स्थापनाका लागि सहयोग पुऱ्याउनुभयो। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन्। उहाँको जीवनका तीन महत्वपूर्ण घटना वैशाख शुक्ल पूर्णिमाका दिन भएकाले आजको दिनलाई बौद्धमार्गीले त्रिसंयोग दिवसका रुपमा पनि मनाएका छन्।

"अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो", यस्ता अनेकौं कालजयी सन्देशका वाहकका रुमपा भगवान् गौतम बुद्धको परिचय विश्वव्यापी बनेको छ। बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहार लगायत स्थलमा लामा एवम् बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिएको थियो। यस अवसरमा नागरिकले भने बेलुकी घरमै दीपावली गरेर बुद्ध जयन्ती मनाउने भएका छन्।

लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा पनि विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाइएको छ। इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६७ वर्षअघि माता मायादेवी कपिलवस्तुको तिलौराकोटबाट रुपन्देहीको देवदह जाने क्रममा लुम्बिनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको हो। इसापूर्व ५२८को वैशाख शुक्ल पूर्णिमाका दिन उहाँले बुद्धगयास्थित पीपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गर्नुभयो। बुद्धत्व प्राप्त गरेपछि नै उहाँलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो। दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाउनुभएको ज्ञान हो। सम्यक् सङ्कल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि हुन् यी आठ मार्ग हुन् भनी उहाँले ज्ञान बाँड्नुभएको थियो।

यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुलाई प्रवचन (धर्मदेशना)का माध्यमबाट बाँड्नुभएको थियो। पैतालीस वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसा पूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उहाँले महापरिनिर्वाण (मृत्यु) प्राप्त गर्नुभयो। विश्व जगत्मा शान्तिका अग्रदूत र एसियाका ताराका रुपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ। बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा आम मानिसलाई दिनुभयो। यसैकारण विश्वमा बुद्ध दर्शनले सम्प्रदाय वा पथको रुप धारण गरेको छ। यसप्रति अध्ययन, अनुसन्धान गर्नेको सङ्ख्या पनि बढेको छ।

# स्वेच्छिक सदस्यता त्याग गर्न पत्रकार महासङ्घ लुम्बिनीको आह्वान

अर्घाखाँची। पत्रकारिता क्षेत्रमा क्रियाशील नरहेका सदस्यहरुलाई स्वेच्छिक रुपमा सदस्यता त्याग गर्न नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेश समितिले आग्रह गरेको छ। पत्रकारिता क्षेत्रमा क्रियाशील नरहेका र स्वेच्छिक रुपमा सदस्यता त्याग गर्ने सबै सदस्यहरुलाई सम्मानसहित बिदा गर्ने र आवश्यकताअनुसार मानार्थ सदस्यता प्रदान गर्ने महासङ्घ लुम्बिनी प्रदेश समितिले बताएको छ। लुम्बिनी प्रदेशका १२ जिल्लामा झन्डै एक हजार आठ सयजना नेपाल पत्रकार महासङ्घका साधारण सदस्य छन्। महासङ्घका प्रदेश महासचिव विक्रम खड्काले एक प्रेस विज्ञप्ति जारी गरी गएको पुस ८ र ९ गते सुर्खेतमा भएको साधारणसभाले बनाएको सदस्यता शुद्धिकरण समितिले प्रस्ताव गरेअनुसार लुम्बिनीमा भएको राष्ट्रिय मिडिया सम्मेलन र केन्द्रीय समितिको बैठकले पारित गरेको सदस्यता शुद्धिकरण मापदण्डअनुसार पत्रकारिता क्षेत्रमा सक्रिय नरहेका व्यक्तिहरुलाई सदस्यता त्याग गर्न आह्वान गर्नुभएको हो। पत्रकार महासङ्घका नयाँ मापदण्ड अनुसार पत्रकारिता पेसामा तीन वर्षदेखि सक्रिय नरहेको, राजनीतिक दलको कुनै पनि समितिको पदाधिकारी रहेको, जनप्रतिनिधि रहेको, सरकारी तथा सेवा आयोगको स्थायी, अस्थायी र करार सेवाको कर्मचारी, मिडिया संस्थानबाहेक अन्य संस्थानका कर्मचारीको सदस्यता नवीकरण नहुने महासङ्घका महासचिव खड्काको भनाइ छ। मुख्य पेसा पत्रकारिताबाहेक अन्य रहेका, कहिलेकाहीँ मात्र पत्रकारिता गर्ने गैरसरकारी तथा वित्तीय क्षेत्रका कर्मचारी र ६ महिनाभन्दा लामो समयदेखि विदेशमा रहेका व्यक्तिहरुको सदस्यता नवीकरण नगर्ने केन्द्रीय समितिले परिपत्र गरसकेकाले स्वेच्छिक सदस्यता त्याग गर्न आग्रह गरिएको नेपाल पत्रकार महासङ्घका लुम्बिनी प्रदेशका

बाँकी ६ पृष्ठमा

# खेलकुद

## वडा २ र ४ लाई बास्केटबल प्रतियोगिताको उपाधि

काठमाडौँ। वडा नं २ र वडा नं ४ ले १०औं कीर्तिपुर नगरपालिका अन्तरवडा पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। वडा नं २ पुरुष तथा वडा नं ४ महिलामा च्याम्पियन बनेका हुन्। कीर्तिपुर बास्केटबल एशोसिएशन र कीर्तिपुर नगरपालिकाको संयुक्त आयोजनामा भएको उक्त प्रतियोगिताको पुरुष फाइनलमा वडा नं २ ले वडा नं ३ लाई ५१-४४ ले पराजित गऱ्यो। विजयी टिमका लागि प्रवीण गुरागाईंले १६ अङ्क जोडे। पहिलो क्वार्टर १०-१० को बराबरीमा सकिएको थियो। वडा नं २ ले दोस्रोमा १३-१२ र तेस्रोमा १५-१४ को सामान्य अग्रता लियो। वडा नं २ ले चौथो क्वार्टर १३-८ ले आफ्नो पक्षमा पार्दै उपाधि सुनिश्चित गऱ्यो।

कीर्तिपुरस्थित कभर्डहलमा भएको महिलाको उपाधि भिडन्तमा वडा नं ४ ले वडा नं ६ लाई ५५-५० ले हरायो। वडा नं ४ की मुना महर्जनले ३५ स्कोर गरिन्। पहिलो क्वार्टरमा १२-१६ ले पछि परेको वडा नं ४ ले दोस्रोमा २२-९ को अग्रता बनाउँदै जितको महत्वपूर्ण आधार खडा गऱ्यो। वडा नं ४ तेस्रो क्वार्टरमा १२-९ ले अगाडि रह्यो। वडा नं ६ ले चौथो क्वार्टरमा ९-१६ को अग्रता बनाए पनि जितका लागि पर्याप्त भएन। पुरुष/महिला दुवैमा पहिलो हुनेले रु २० हजार तथा दोस्रोले रु १५ हजार नगद पुरस्कार प्राप्त गरे। पुरुषमा वडा नं २ का नरेश महर्जन तथा महिलामा वडा नं ४ की मुना महर्जन 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। दुवै खेलाडी जनही रु पाँच हजारबाट पुरस्कृत भए। विजेतालाई कीर्तिपुर नगरपालिकाका प्रमुख राजकुमार नकर्मीलगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो। यही वैशाख ९ गतेदेखि सुरु भएको प्रतियोगिताको पुरुषमा ११ तथा महिलामा छ टिम सहभागी थिए।

## हिमालयन शेर्पाले पुलिसलाई हरायो

काठमाण्डौ। शहीद स्मारक ए डिभिजन लिग फुटबलमा हिमालयन शेर्पा क्लबले नेपाल पुलिस क्लबलाई हराएको छ। दशरथ रङ्गशालामा भएको खेलमा हिमालयन शेर्पाले पुलिसलाई २-१ गोलले हरायो।

हिमालयका लागि अबायामी फाफुन्ले र अमृत श्रेष्ठले गोल गरे। पुलिसका सौजन राईले एक गोल फर्काए।

यो जितसँगै हिमालयन शेर्पा २० अङ्कसहित तालिकाको सातौं स्थानमा पुगेको छ। १५ अङ्क रहेको पुलिस क्लब पुछारबाट दोस्रो स्थानमा रहेको छ।

## रानी महलमा हुने राष्ट्रिय बीच भलिबलको तयारी पूरा

काठमाडौं। खेलकुद र पर्यटन क्षेत्रलाई एकसाथ जोड्ने उद्देश्यले पाल्पाको रानीमहलमा सुरुवात गरिएको राष्ट्रिय बीच भलिबल प्रतियोगिताको दोस्रो संस्करणको तयारी पूरा भएको आयोजकले जनाएको छ। सञ्जय मेमोरियल फाउन्डेसनको आयोजनामा प्रतियोगिता यही वैशाख २८ गतेदेखि ३० गतेसम्म सञ्चालन हुनेछ। यस प्रतियोगितामा कोशी बाहेक ६ प्रदेश (सुदूर, कर्णाली, लुम्बिनी, गण्डकी, मधेश, बागमती), तीन विभागीय टिम (एपीएफ, आर्मी, पुलिस) र एक आयोजक (पाल्पा जिल्ला भलिबल संघ ) गरि १० टिम सहभागी हुने आयोजकले जनाएको छ।

प्रतियोगिता लिग र नकआउट आधारमा सञ्चालन हुनेछ।

प्रतियोगिताको उद्घाटन वैशाख २८ गते दिउँसो १ बजे हुने र बिहीबारसम्म प्रतियोगितामा सहभागी हुने सम्पुर्ण टिमका सदस्य तथा अफिसियल तानसेन पुग्ने आयोजकले जनाएको छ। प्रतियोगिताको विजेता टिमलाई १ लाख ५० हजार, उपविजेता टिमलाई १ लाख, तेस्रो हुने टिमलाई ५० हजार तथा सान्त्वना पुरस्कार २५ हजार रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगितामा सहभागी हुने टिमका दुई खेलाडी र एक अफिसियलको खाना, बस्ने र यातायात खर्च आयोजकले व्यहोर्नेछ। नेपालको बीच भलिबलको विकास र पाल्पाको ऐतिहासिक दरबार क्षेत्र रानीमहलको प्रबर्द्धन गर्ने उद्धेश्यले यस प्रतियोगिताको आयोजना गरिएको हो। प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद् राखेपले सहयोग र नेपाल भलिबल संघले स्विकृती प्रदान गरेको छ भने यस वर्ष पाल्पा जिल्ला भलिबल संघ सहआयोजकको रुपमा जोडिएको छ।

## करातेमा आयुषले जिते लगातार २ दिनमा २ स्वर्ण

काठमाडौं। कराँते खेलाडी आयुष अधिकारीले लगातार दुई दिनमा दुईवटा स्वर्ण जित्दै उदयमान खेलाडीको उपाधि हात पारेका छन्। भृकुटी डोजोमा कराँते प्रशिक्षण लिंदै आएका अधिकारीले यही वैशाख २२ र २३ मा सम्पन्न दुई प्रतियोगितामा लगातार स्वर्ण जितेका हुन्।

२२ गते भएको प्रथम मेयर कप उमा खुला कराते प्रतियोगिता र २३ गते भएको टोखा नगरपालिका मेयर कपमा अधिकारीले स्वर्ण जितेका हुन। प्रतियोगितामा उनलाई उदयमान खेलाडीको उपाधि पनि प्रदान गरिएको छ। अधिकारी भीएस निकेतन स्कुलमा कक्षा ६ मा अध्ययनरत छन्। भृकुटी डोजोको टिम उमा खुला कराँते प्रतियोगितामा प्रथम भएको छ भन् टोखा नगरपालिका मेयर कपमा दोस्रो भएको छ। भृकुटी डोजोका प्रशिक्षक अष्टवीर लामाले खेलाडीले उत्कृष्ट प्रदर्शन गरेको भन्दै खुसी व्यक्त गरे।

## भक्तपुरमा खुला र्‍यापिड बुद्धिचाल प्रतियोगिता हुने

काठमाडौं। भक्तपुरको गोल्मढीस्थित भक्तपुर युवा टिमको आयोजनामा स्वर्गीय त्रिरत्न ग्वाछा स्मृति खुला र्‍यापिड बुद्धिचाल प्रतियोगिता हुने भएको छ। जेठ १२ र १३ गते भक्तपुरमा हुने प्रतियोगिताका खेल १५ मिनेट १० सेकेन्डको हुने आयोजकले जनाएको छ। आयोजक टिमका अध्यक्ष केशव त्वानाबासुले दिएको जानकारी अनुसार प्रतियोगितामा प्रथम हुनेलाई नगद २५ हजार, दोश्रो हुनेलाई १५ हजार र तेश्रो हुनेलाई १० हजार रुपैयाँ नगद पुरस्कार दिइने छ।

चौथौ हुनेलाई आठ हजार, पाँचौ हुनेलाई ६ हजार र सान्त्वनालाई पाँच हजार नगद पुरस्कारको व्यवस्था छ। भक्तपुरकै एउटा पुरानो खेलकुद संस्था मानिएको भक्तपुर युवा टिमले प्रत्येक वर्ष भक्तपुर कप खुल्ला फुटबल प्रतियोगिता गर्दै आइरहेको छ।

## जनविश्वास.....

सञ्चारमाध्यमले देखाउनुपर्ने बताउनुभयो । पत्रिकाको कार्ड लिने तर पत्रकारिता नगर्ने र राज्यको सुविधा लिने तर नियमित प्रकाशन नगर्ने सञ्चारमाध्यमाथि काउन्सिलले निगरानी गरिरहेको उहाँले बताउनुभयो । नेपालको राजनीतिक व्यवस्था परिवर्तनका लागि नेपाली सञ्चार माध्यमहरुको भूमिका महत्वपूर्ण रहे पनि नेपाली मिडियाले अझै उचित सुविधा पाउन नसकेकोप्रति उहाँले दुःख व्यक्त गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव तथा प्रेस काउन्सिलका पूर्वसदस्य गोविन्द चौलागाईंले पत्रकारिताको शिरलाई ठाडो पार्न पत्रकारहरुले आचारसंहिताको पालना गर्नुपर्नेमा जोड दिनुभयो ।
कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अर्का केन्द्रीय सचिव दीपेन्द्र चौहानले राज्यले प्रेस काउन्सिललाई दिएको अधिकारलाई सही ढङ्गबाट प्रयोग गर्नुपर्ने सुझाव दिँदै पत्रकार आचारसंहिताबारे देशव्यापी प्रशिक्षण चलाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, प्रेस काउन्सिल नेपालका सदस्य लालबाबु शेख, मिडिया काउन्सिल मधेस प्रदेशका कार्यवाहक अध्यक्ष कैलाश दास, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण, महासचिव श्याम बञ्जारा लगायतले पत्रकार आचारसंहिताको पूर्ण परिपालना भए पत्रकारिताप्रतिको जनविश्वास अझै बढ्ने भएकाले सबैले त्यसको पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

पर्दाफास मिडिया प्रालि वीरगञ्जका अध्यक्ष तथा पर्दाफास डेली डटकमका सम्पादक राघव साहको अध्यक्षतामा आयोजित कार्यक्रममा चिकित्सा सेवाको क्षेत्रमा योगदान पुऱ्याएबापत डा राकेश तिवारी, शिक्षा क्षेत्रमा योगदान पुऱ्याएबापत अरविन्दकुमार चौधरी, होटल तथा पर्यटन व्यवसाय सङ्घका हरि पन्त र पत्रकार रामपुकार यादवलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो ।

## सेना.....

थानेश्वर गौतम, २ नं वाहिनी अड्डाका वाहिनीपति सहायक रथी महेशकुमार थापा, भीमदल गणका गणपति प्रमुख सेनानी सुमन थापा, धनकुटा वडां १ का अध्यक्ष वाङ्गदा तामाङ लगायतले प्रवेशद्वार निर्माणले यस क्षेत्रको गरिमा वृद्धि भएको उल्लेख गर्नुभयो ।

## नेपाली......

अनि स्विडेनका क्षेत्रीय अस्पतालहरूजस्तै हरेक प्रदेशमा कम्तीमा पनि ५ वटा मोडल अस्पताल बनाउन सकिए शिक्षाको गुणस्तर बढ्नुका अलावा नेपाली भारत जाने होइन कि भारतीयहरूचाहिँ नेपालमा उपचार गर्न आउने अवस्था बन्न सक्थ्यो ।

रूपान्तरणकारी योजनाका रूपमा लिइएका राष्ट्रिय गौरवका आयोजनाहरू र सिंगो अर्थतन्त्रलाई चलायमान बनाउन सक्ने पूर्वाधार( जस्तोः अन्तर्राष्ट्रिय स्तरको पूर्व(पश्चिम राजमार्ग र रेल मार्ग, उत्तर(दक्षिणका सिमाना जोड्ने कम्तीमा पनि २(३ वटा स्तरयुक्त राजमार्गहरू र ठूला जलाशययुक्त बिजुलीका परियोजनाहरू ( छिटो निर्माण गर्न सके विकासले बाटो समाउन सक्थ्यो ।

नेपाल जलवायु परिवर्तनको मारमा मात्र परेको छैन, अन्यायमा पनि परेको छ । हरितगृह ग्यासको न्यून उत्सर्जन भएको तर जलवायु परिवर्तनको धेरै असर पर्ने देश भएकाले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय स्रोत र साधनलाई नेपालको आर्थिक नीतिले तान्न सक्नुपर्छ । विप्रेषणलाई उत्पादनसँग प्रत्यक्ष जोड्ने प्रोत्साहनको प्रभावकारी नीति आए विकासका लागि थप स्रोत त्यताबाट पनि जुट्ने थियो ।

'आर्टिफिसियल इन्टेलिजेन्स' लगायतका नयाँ प्रविधिले विश्व चौथो औद्योगिक क्रान्तिमा जाँदै छ । प्रविधिमा नेपालको लगानी दक्षिण एसियाको औसतभन्दा धेरै कम छ । जुन देश प्रविधिमा लगानी गर्न चुक्यो, त्यो देश पछि पर्नेछ ।

विकासमा लगानी बढाउन साधारण खर्च कटौतीमा निर्मम बन्नैपर्छ; जस्तोः नयाँ बजेटमा साधारण खर्च कम्तीमा १५ प्रतिशतले घटाउने तथा सार्वजनिक खर्च पुनरवलोकन आयोगको २०७५ सालको प्रतिवेदन कार्यान्वयन गर्ने । कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेश मानव विकास सूचकांक, वित्तीय पहुँच र साक्षरता, पूर्वाधार र मानव संसाधन निर्माणमा धेरै पछाडि छन । नेपालको विकासले फड्को मार्न यी प्रदेशहरूमा सापेक्षित रूपले राज्यको लगानी बढ्न जरुरी छ ।

आन्दोलनहरूमा ठूलो बलिदान गरेकाहरूदेखि आन्दोलनबारे खासै थाहा नभएको पुस्तासम्म, बाध्यताले विदेश पलायन भएकादेखि देशमै केही गरौं भनेर बसेकाहरूसम्म यथास्थितिबाट नेपालको विकास र समृद्धि सम्भव छैन भन्नेमा छन । विकास र समृद्धिमा विश्वका अरू देशसँगै दौडन एकातिर राजनीतिले देशको भविष्यप्रति आशा जगाउन र अर्कातिर हाम्रो नीति र नियतमा रूपान्तरण गर्नको आवश्यक छ । कान्तिपुर

## स्वच्छेक.....

अध्यक्ष वसन्त गिरीको भनाइ छ ।

## स्वर्गीय......

अवसरमा उनले यो पुस्तक आफैँले प्रकाशन गरी हामीलाई उपहार दिने योजना थियो । उनी रहेनन्, हामीले आज प्रकाशन गरेर लोकर्पण गरेका छौँ ।" उहाँले दुई पुस्तक सोमहोम र जीवन वृक्षबारे प्रकाश पार्दै भन्नुभयो, "सोमहोममा आध्यात्मिक पक्षको सटिक विश्लेषण गरिएको छ । जीवन वृक्षमा योगसाधना, चेतना र मानव अस्तित्व एवम् विश्व बन्धुत्वको भावना सचित्र वर्णन गरिएको छ ।" उहाँका अनुसार लेखकले पुस्तकमा धार्मिक अतिक्रमणको खरो आलोचना गर्नुभएको छ । "धार्मिक अतिक्रमणलाई निस्तेज नगरे हाम्रो अस्तित्वमा रहँदैनौँ, भन्ने उनको चिन्ताको विषय थियो । त्यही सेरोफेरोमा उनले यी दुई पुस्तक लेखेका थिए", उहाँले भन्नुभयो ।

लोकार्पण कार्यक्रममा पुस्तकबारे डा हरिप्रसाद पोखरेलले आध्यात्मिक र आधुनिक विज्ञानबीचको सेतु बन्न डा लोहनीको पुस्तकले सृजनात्मक भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "डा लोहनीले आध्यात्मलाई पृथक शैलीमा विश्लेषण गर्न खोज्नुभएको छ । उहाँका विचारलाई हामीले उत्खनन गर्न आवश्यक छ । "

डा जगमान गुरुङले शुभकामना सन्देशमा जीवन वृक्ष पुस्तक दर्शन र कलाको अनुपम संयोजन भएको बताउनुभएको छ । कार्यक्रममा डा सुवासका सहपाठी, शिक्षक, सहकर्मी, सुभचिन्तक र परिवारले पुस्तकबारे समीक्षा र टिप्पणी गर्नुभएको थियो ।

बुवा घनराज लोहनीले पुस्तकबाट आर्जित रकम डा सुवास लोहनीको स्मृतिमा ललितपुर माध्यमिक विद्यालयका विद्यार्थीलाई 'चम्कीला तारा' नामक पुरस्कारको रुपमा प्रदान गरिने बताउनुभयो । डा लोहनीको स्मृतिमा उहाँको कृतिको प्रचारप्रसारसँगै अनाथलयमा आर्थिक सहयोग गर्ने लोहनी परिवारको भनाइ छ ।

## नेपालकै....

भाषामा राखिएको दृष्टान्त दिएका थिए । गरको अर्थ बिष र ज्या को अर्थ विषफेदी भन्ने अर्थ लगाएका थिए । किरातहरु पछि लामा आएर आङ थपेर गर्जाङ भएको बताएका थिए । यति महत्वपुर्ण क्षेत्रलाई लामाहरु उडेर गएजस्तै यहा केवलकारको विकास गर्न सकिए रामेछापको मात्र होइन नेपालकै प्रतिष्ठा बोक्ने पनि पुर्व प्र.अ. बस्नेतले बताएका थिए ।

कार्यक्रम भालेपोखरी आधारभुत विद्यालयमा अमन्त्रित, अतिथि, लगायत स्थानीय जम्मा भई बाजा गाजा सहित शुरु गरिएको थियो ।

कार्यक्रमको सञ्चालन पञ्चकन्या आधारभुत विद्यालयका प्र.अ. तथा त्यहाका स्थानीय सकर बस्नेतले सञ्चालन गरेका थिए ।

उक्त झण्डा निर्माण गर्न आर्थिक, भौतिक सहयोग गर्ने व्याक्तिहरुको नाम पढेर सुनाईएको थियो ।

दोस्रो चरणमा झण्डै पाच किलोमिटर माथि उकालो हिडेर रमिते डाडा पुगि नेपालको राष्ट्रिय झण्डा पालिकाका अध्यक्ष काजी बहादुर खड्का लगायतले संयुक्त रुपमा उत्तोलन गरेका हुन् । उक्त कार्यक्रममा यस जन आकाश राष्ट्रिय साप्ताहिकका सम्पादक तथा जन आकाश मिडिया प्रा.लिका अध्यक्ष मोहन कार्कीको पनि सहभगिता रहेको थियो । कार्कीले सोही झण्डा उत्तोलन गरिएको क्षेत्रभन्दा अलि पर रहेको चेहुन्सा भन्ने ठाउमा दिदीको घरमा बसेर त्यतिवेलाको डुलुमटारमा रहेको जट्टेश्वरी निमाविमा कक्षा ४ मा एक बर्ष अध्ययन गरेका थिए ।

उक्त झण्डा स्थापना पछि त्यस पर्याटकीय क्षेत्रमा पर्यटकहरु आउने र स्थानीय लाबान्वित हुने आशा गरिएको छ । यसै क्षेत्र अर्न्तगत पाँच पोखरी जट्टपोखरी, भाले पोखरी प्राकृतिक तिर्थस्थलहरु रहेका छन् । केसाङ खर्कमा त भ्यु टावर बनिसकेको छ ।

# पाँचबुँदे घोषणापत्र जारी गर्दै सकियो पोखरा ताल सम्मेलन

पोखरा । ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशले पोखरामा आयोजना गरेको तीन दिने तालसम्मेलन प्रतिबद्धतासहितको पाँचबुँदे घोषणा जारी गर्दै सकिएको छ ।

तीन दिनसम्म जारी सम्मेलनले पोखरा उपत्यकाको नौ तालको दिगो विकाससम्बन्धी जानकारी र दृष्टिकोण साझा गर्दै अनुसन्धानकर्ता, सरकारी नीति निर्माता, ताल व्यवस्थापन समितिका सदस्य र समुदायका सदस्यलाई एकै ठाउँमा ल्याएर कार्य गर्ने उद्देश्यअनुरुपमा विभिन्न विषयविज्ञको प्रस्तुतिबाट प्रतिबद्धतासहितको घोषणापत्र जारी गरेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत एवम कार्यक्रमका संयोजक डा कल्पनादेवी देवकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार सम्मेलनमा अनुसन्धानकर्ता, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि व्यवस्थापक कानुन व्यवसायी, पत्रकार तथा विद्यार्थी, व्यवस्थापन र तालसँग सम्बन्धित नीति र अवस्थाका बारेमा करिब २० वटा प्रस्तुति राखिएको थियो । योसँगै पोखरास्थित विभिन्न पाँचवटा ताल भ्रमणसँगै त्यहाँका ताल प्रबन्धकबाट लक्ष्य चुनौती र सफलताका कथा बुझ्ने प्रयास गरिएको थियो ।

सम्मेलनबाट पहिचान गरी जारी गरिएको घोषणामा पोखरा उपत्यका तालको उच्च प्राकृतिक मूल्य, वनस्पति र जनावरको अधिक सङ्ख्या र पारिस्थितिकीय सेवाको महत्व, पोखरा उपत्यका अर्थतन्त्र र स्थानीय जनताको जीविकोपार्जनका लागि तालको महत्व, विगतका प्रयासको अघिल्लो दशकको तुलनामा तालको पारिस्थितिकीय अवस्थामा ह्रास आएको घोषणापत्रमा उल्लेख छ । साथै स्थानीय समुदायको आर्थिक आवश्यकता पूरा गर्दै पारिस्थितिकीय अवस्था कायम राख्न स्थानीय समुदाय, सरकारी अधिकारीहरु र प्राविधिक विज्ञबीच घनिभूत सहकार्य आवश्यकता रहेको तथा यी समुहहरु मध्ये एक पक्षसँग मात्रताललाई व्यवस्थापन गर्ने स्रोत ज्ञान वा क्षमता नभएको लगायतका विषयमा घोषणापत्रमा उल्लेख छ ।

योसँगै सम्मेलनबाट बुद्धिमतापूर्ण प्रयोगको सिद्धान्तका आधारमा पोखरा उपत्यकामा रहेका तालको संरक्षण गर्ने, तालको पुनःस्थापना र दिगो विकासको लागि स्रोत र ज्ञानहरु आदान(प्रदान गर्न जुटाउने र सम्बद्ध सरोकारवालाबीचको आपसी सहकार्यका आधारमा प्रभावकारीरुपमा कार्यान्वयन गर्दै जाने, पोखरा ताल मन्चलाई पोखरा उपत्यकामा रहेका तालको संरक्षण र दिगो विकासको लागि आवश्यक ज्ञान, अभ्यास, प्राविधिक विशेषता र आर्थिक स्रोत सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेको छ । सम्मेलनमा वनविज्ञान अध्ययनसंस्थान पोखरा क्याम्पस, पोखरा तथा काठमाडौँ विश्व विद्यालयले पनि समन्वय गरेको थियो । सम्मेलनबाट पोखरा ताल मञ्च सञ्चालनका लागि पूर्ण कुँवरको संयोजकत्वमा मस्यौदा तयारी सात सदस्यीय कार्यदलसमेत बनाएको छ । सम्मेलनको समापन समारोहमा वन विज्ञान अध्ययन संस्थानका डिन प्राध्यापक वीरबहादुर खनाल, उद्योग पर्यटन तथा वातावरण मन्त्रालयका गण्डकी प्रदेका सचिव विशाल घिमिरे, ताल प्राधिकरणका उपाध्यक्ष नवराज ओझालगायतले सम्मेलनका सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सम्मेलनको उदघाटन सत्रमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक सम्पदा ताल तलैयाको संरक्षणसँगै त्यसलाई आयआर्जनको स्रोतको रुपमा विकास गरेर जीविकोपर्जनसँग जोडेर लैजानुपर्ने जोड दिनुभएको थियो ।

# मनाङका विद्यालयमा पुस्तक पुऱ्याउनै सकस

मनाङ । हिमाली जिल्ला मनाङ विकट क्षेत्र भएकाले यहाँका बालबालिकालाई शिक्षा आर्जन गर्न सकस पर्ने गर्दछ । विस्तारै शिक्षाको पहुँच पुगेको मनाङका विकट स्थानमा पुस्तक पुग्नै समय लाग्छ । विद्यालयमा पुस्तक पुऱ्याउन पुस्तक पसलमार्फत टेण्डरमा ल्याउनुपर्ने भएकाले अझ पुस्तक ढिला गरी आउन थालेको छ । विद्यालयले ल्याउने गरेको अवस्थामा केही छिटो पुस्तक विद्यालय र विद्यार्थीको हातमा पुग्ने गरे पनि टेण्डरका कारण ढिला हुने गरेको अभिभावक बताउँछन् । पुस्तक ल्याउने डिपो जिल्लामा नहुँदा पनि अझ समस्या भएको अभिभावकको भनाइ छ । विद्यालयमा पुस्तक आउँदा विद्यालयले विद्यार्थीको हातमा छिटो आउने गरे पनि अहिले ढिला भएको उनीहरुको भनाइ छ । मनाङको नार्पाभूमि गाउँपालिकाका विद्यालयमा पाठ्चपुस्तक पुऱ्याउन सकस भएको छ । हाल मनाङमा मौसम प्रतिकूलताले गर्दा पाठ्यपुस्तक विद्यार्थीको हात हातमा पुऱ्याउन सकस भएको फु आधारभूत विद्यालयका प्रधानाध्यापक मुखिया विकले जानकारी दिनुभयो । "मोटरेवलस्थलमार्ग नहुँदा खच्चडमार्फत पाठ्यपुस्तक ढुवानी हुन्छ, तर अहिले यहाँ मौसम प्रतिकूल छ, खच्चडमार्फत पाठ्यपुस्तक लैजाने क्रममा रुझ्ने र च्यातिने समस्या हुन्छ", प्रधानाध्यापक विकले भन्नुभयो । प्लाष्टिकमै छोपेर लैजाँदासमेत खच्चडबाट लगिदा रुझ्ने र पुरानो पुस्तक विद्यार्थीलाई दिइएकोजस्तो पनि देखिने गरेको उहाँले बताउनुभयो । जिल्लामा नै ढिला गरी आएको पुस्तक विद्यार्थीको हात हातमा पुऱ्याउन अझ सकस हुने गरेको उहाँको भनाइ छ । मनाङका लागि पाठ्यपुस्तक लमजुङको सुन्दरबजार नगरपालिकास्थित भोटेओडारको सापकोटा पुस्तक पसलबाट ल्याउनुपर्ने हुन्छ । पब्लिकेशनले पाठ्यपुस्तक समयमा नै पुऱ्याएको दावी गर्दै आए पनि मनाङमा नै एक महिना ढिला गरी पुस्तक आइपुगेको छ । चैत महिनादेखि नै कक्षा सञ्चालन भएको मनाङका विद्यार्थीले एक महिना पाठ्यपुस्तक बिना नै अध्ययन गरिरहेका थिए । हाल जिल्लामा केही छिटफुट बाहेक अन्य पाठ्यपुस्तक आइसकेको लोकप्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णदास कोइरालाले जानकारी दिनुभयो ।

# अन्तराष्ट्रिय समाचार

## सुनखानीमा आगलागी, कम्तीमा २७ जनाको मृत्यु

पेरुको एक सुनखानीमा भएको आगलागीमा परेर कम्तीमा २७ जनाको ज्यान गएको छ । प्रहरीले एक सय ७५ जनाको सकुशल उद्धार गरेको छ । खानी कम्पनी यानाक्विहुआले एक विज्ञप्ति निकालेर जमिनबाट एक सय मिटरभित्र भएको आगलागीमा २७ जनाको ज्यान गएको बताएको समाचार संस्था एपीले जनाएको छ ।

सरकारी अधिकारीले विद्युत शर्ट भएर आगो लागेको अनुमान गरेका छन् । खानी सहरभन्दा धेरै पर रहेकाले आपत्कालीन उद्धारमा कठिन भएको खबरमा उल्लेख छ । संसारको सबैभन्दा ठूलो सुन उत्पादकमध्ये एक पेरुले हरेक वर्ष एक सय टनभन्दा बढी सुन उत्पादन गर्दछ । यो विश्वको वार्षिक उत्पादनको चार प्रतिशत हो । यसअघि सन् २०२२ मा खानी दुर्घटनामा देशभर ३८ जनाको ज्यान गएको थियो । यस्तै सन् २००२ पेरुका लागि सबैभन्दा घातक वर्ष थियो जहाँ विभिन्न खानी दुर्घटनामा ७३ जनाको ज्यान गएको थियो ।

## अमेरिकाको टेक्सासमा गोलीकाण्ड, नौ जनाको मृत्यु

अमेरिकाको टेक्सासमा भएको गोलीकाण्डमा नौ जनाको ज्यान गएको छ । टेक्सासको एक सपिङ मलमा गोली चल्दा बन्दुकधारीसहित नौ जनाको ज्यान गएको बीबीसीले जनाएको छ ।

प्रहरीको जवाफी कारबाहीमा गोली चलाउने व्यक्ति पनि मारिएका छन् । घटनामा बालबालिकासहित केहि घाइते भएका छन् । घटनापछि घाइतेलाई नजिकैको अस्पतालमा भर्ना गरी उपचार भैरहेको टेक्सास प्रहरीले जनाएको छ । बन्दुकधारीले जथाभावी गोली चलाउनुको कारण खुल्न सकेको छैन ।

## बेलायतका राजा चार्ल्स तृतीयको राज्याभिषेक समारोह सम्पन्न

बेलायतका राजा चार्ल्स तृतीयको राज्याभिषेक तथा राजमुकुट पहिरिने समारोह सम्पन्न भएको छ । लन्डनको प्रसिद्ध गिर्जाघर वेस्टमिन्स्टर एबीमा राज्याभिषेक समारोहको आयोजना गरिएको छ । उहाँले शपथलिँदै राजाका दायित्व पूरा गर्ने बताउनुभएको छ । समारोहमा राजा चार्ल्स तथा उहाँकी पत्नी क्विन कन्सोर्ट क्यामिलालाई राजमुकुट पहिर्याइएको छ । दुई किलो २३ ग्राम तौलको सुन र हीरा जवाहरात जडित श्रीपेच राजाहरूले राज्याभिषेकको बेला मात्रै पहिरन्छन । राजमुकुट पछिल्लो पटक सन् १९५३ मा महारानी एलिजाबेथले उहाँको राज्याभिषेकमा पहिरिनुभएको थियो। समारोहको अन्तिम चरणमा राजाले गद्दी आरोहण पनि गर्नुभएको छ । राजा बकिङ्घम दरबारबाट समारोहका लागि निस्कँदा सेन्ट्रल लन्डनका सडकमा मानिसहरूको भिडले स्वागत गरेको थियो ।

राज्याभिषेक परेड हेर्ने आशामा अनुकूल ठाउँ सुनिश्चित गर्नका लागि मानिसहरू रातदेखि नै कुरेर बसेका थिए । समारोहमा विश्वका नेताहरु, राजपरिवारका सदस्यसहित झण्डै दुई हजार पाहुना सहभागी छन् । राजतन्त्रको विरोध गर्नेहरूको अवरोधलाई ध्यानमा राखेर सुरक्षा व्यवस्था कडा पारिएको बीबीसीले जनाएको छ । बेलायतको इतिहासमै सबैभन्दा बढी ७ दशकसम्म शासन गरेकी महारानी एलिजाबेथ द्वितीयाको गएको सेप्टेम्बरमा निधन भएपछि ७३ वर्षका चार्ल्सले राज्यारोहण गर्नुभएको थियो ।

## भारतको मणिपुरमा दुई समुदायबीचको हिंसा, ५४ जनाको मृत्यु

भारतको मणिपुर राज्यमा दुई समुदायबीचको हिंसामा ज्यान गुमाउनेको सङ्ख्या ५४ जना पुगेको छ । ठाउँठाउँमा दुई समुदायबीचको झडप र प्रहरीको गोली लागेर ५४ जनाको ज्यान गएको बीबीसी हिन्दीले जनाएको छ । तर स्थानीय प्रहरी अधिकारीले अनौपचारिक रुपमा दिएको जानकारी अनुसार मृतकको सङ्ख्या निकै धरै रहेको अनुमान छ ।

मणिपुरमा पछिल्लो एक हप्तादेखि हिंसा भड्किएको छ । ठाउँ ठाउँमा आगलागी र नरसंहार भएका छन् । स्थितिलाई शान्त बनाउन केन्द्रीय सरकारले हजारौँ सेना र र्यापिड एक्सन फोर्सका ५५ वटा टुकडी मणिपुर पठाएको छ । सडकमा सेनाले मार्चपास गरिरहेका छन् । भारतीय सेनाका जनसम्पर्क अधिकारी लेफ्टिनेन्ट कर्नल महेन्द्र रावतले मणिपुरको प्रभावित क्षेत्रमा कर्फ्यु लगाइएको र सेनालाई सिधै गोली हान्ने अधिकार दिएको बताउनुभएको छ । सडकमा छिटपुट गाडी देखिन थालेका र अत्यावश्यक सामग्री बेच्ने पसल पनि खुलेका खबरमा उल्लेख छ । सरकारले मणिपुरमा पाँच दिनको लागि इन्टरनेट बन्द गरेको छ भने हिजो र आज मणिपुर आउजाउ गर्ने सबै रेल सेवा पनि रोकिएका छन् ।

## पाकिस्तानमा पाँच जना शिक्षकसहित आठ जनाको गोली हानी हत्या

पाकिस्तानमा ५ जना शिक्षकसहित ८ जनाको गोली हानी हत्या भएको छ । उत्तरपश्चिम पाकिस्तानको खैबर पख्तुनख्वाको कुर्रम जिल्लामा भएका दुई छुट्टाछुट्टै घटनामा पाँच जना शिक्षकसहित आठ जनाको ज्यान गएको हो ।

पाकिस्तानका राष्ट्रपति डा. आरिफ अल्वीको कार्यालयले घटनाको भर्त्सना गरेको बीबीसी हिन्दीले जनाएको छ ।

कुर्रम जिल्ला प्रहरी प्रवक्ताका अनुसार शालुजन भन्ने ठाउँमा नचिनेका व्यक्तिले विद्यालय बाहिर कारमा फायरिङ गरेका थिए । जसमा परेर एकजना शिक्षकको ज्यान गएको छ । यस्तै, ती व्यक्तिले विद्यालयमा प्रवेश गरेर फेरि अरु चार जना शिक्षक र विद्यालयमा रहेका तीन जनाको गोली हानी हत्या गरेका बीबीसी हिन्दीको खबरमा उल्लेख छ । घटना किन र कसले गरेको भन्नेबारे अनुसन्धान भइरहेको छ ।

## पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान पक्राउ

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई प्रहरीले पक्राउ गरेको छ । इस्लामाबाद उच्च अदालत बाहिरबाट खानलाई प्रहरीले पक्राउ गरेको बीबीसी हिन्दीले जनाएको छ ।

दर्जनौँ प्रहरीले खानलाई घेरा हालेर गाडीमा राखेको एक भिडियोमा देखिएको छ । खानलाई एक अपराधीलाई जसरी लछारपछार गरेर पक्राउ गरेको खानको पार्टी पाकिस्तान तेहरिक ए इन्साफ (पीटीआई) ले जनाएको छ । खानलाई कुन मुद्दामा हिरासतमा लिइएको हो भन्ने जानकारी अहिलेसम्म प्राप्त भएको छैन ।

गएको अप्रिलमा सत्ताबाट निकालिएका खानमाथि केही महिनाअघि भएको एउटा ऱ्यालीमा गोली प्रहार भएको थियो । उहाँले समयअघि नै चुनावको पक्षमा अभियान चलाउँदै आउनुभएको छ ।

# बि.डी .त्यागी स्मृति प्रतिभा सम्मान सम्पन्न

**जयराम बिडारी**

काठमाण्डौ । बी. डी. त्यागी स्मृति सेवा केन्द्रले पाँच फरक बिधामा उत्कृष्ट र महत्वपूर्ण योगदान पुर्याएका साहित्यिक प्रतिभालाई बी. डी.त्यागी स्मृति पुरस्कार तथा सम्मान अर्पण गरेको छ ।

उक्त कार्यक्रम रामहिटी साहित्य सदन बौद्धमा एक बिशेष कार्यक्रमको आयोजना गरि सम्पन्न गरिएको हो । साहित्यकार बी.डी. त्यागिको फोटोमा प्रमुख अतिथिद्वारा रुद्राक्षको माल्यार्पण गरेर कार्यक्रमको शुरु गरिएको उक्त सम्पन्न गरिएको थियो ।

"बीडी त्यागी स्मृति सम्मानबाट बरिष्ठ साहित्यकार राधेश्याम लेकाली,''बी.डी. त्यागी स्मृति पुरस्कारबाट'' साहित्यकार रामचन्द्र दाहाललाइ प्रदान गरिनुका साथै , "बीडी त्यागी सम्मान" बाट प्रकाशक तथा साहित्यकार रामदेव पाण्डे,"बीडी प्रतिभा सम्मान"पुरस्कारबाट युवा साहित्यकार सरु पोखरेललाई र गैरसाहित्यिक व्यक्तित्वलाई दिइने नेपथ्य सम्मान बुढानिलकण्ठ नगरपालिका १२ नम्बर वडाका वडाध्यक्ष शम्भु भट्टराईलाई प्रदान गरिएको छ ।२० बर्ष देखि बीडी त्यागी स्मृति दिवसको अवशर पारेर नियमित रुपमा प्रदान गरिने उक्त पुरस्कार र सम्मान हालसम्म सयौं साहित्यकार हरुले प्राप्त गरिसकेको जनाइएको छ ।




सम्मान ग्रहण गर्न पाउँदा अत्यंत खुशी लागेको बिचार ब्यक्त गर्दै बीडी त्यागीको सेवाभावको प्रशंसा गरेका छन् । यसैक्रममा प्रमुख अतिथिका रुपमा रहेका नेपाली छन्द कविताका अभियंता प्रा. डा. रामप्रसाद ज्ञवालीले योग्य पिता बीडी त्यागीका सुयोग्य पुत्र निबन्ध आचार्यले आफ्ना पिताको साहित्यिक कर्मलाई स्मृतिजन्य र जीवन्तता प्रदान गरिनु चानचुन कुरा होइन भन्दै यस्ता सुयोग्य छोराहरु हरेक साहित्यकारले पाउन नसक्ने बिचार ब्यक्त गर्दै यस्ता सेवा भाव भएका अशल मानिसलाइ समाजका हरेक क्षेतबाट साथ र सहयोग गर्नुपर्ने कुरामा जोड दिएका छन् । साथै उक्त कार्यक्रममा सम्मानित भएका साहित्यकारहरु रामदेव पाण्डे,रामचंद्र दाहाल शम्भु भट्टराई तथा सरु पोखरेलले मन्तव्य राखेका थिए ।

कार्यक्रममा साहित्यको क्षेत्रमा बिविध बिषयमा लामो समयदेखि विशेष योगदान पुर्याएका राधेश्याम लेकाली , रामदेव पाण्डे रामचन्द्र दाहाल, समाजसेवी तथा बुढानीलकण्ठ न. पा.१२ का वडाध्यक्ष शम्भु भट्टराइ तथा सरु पोखरेल लाइ संयुक्त रुपमा प्रदान गरिएको थियो ।

उक्त कार्यक्रम रामहिटी साहित्य सदन प्रतिभा चयन समितिका संयोजक बरिष्ठ साहित्यकार शंकर भारतीको सभापतित्व तथा बरिष्ठ साहित्यकार तथा छन्द कविताका अभियन्ता प्रा. डा. रामप्रसाद ज्ञवालीको प्रमुख आतिथ्यता एवं बरिष्ठ साहित्यकार राधेश्याम लेकाली, ब.साहित्यकार, रामचन्द्र दाहाल , ब. साहित्यकार तथा प्रकाशक रामदेव पाण्डे ,युवा साहित्यकार सरु पोखरेल, समाजसेवी तथा बुनपा १२ नम्बर वडाका वडाध्यक्ष शम्भु भट्टराई को आतिथ्यतामा

कार्यक्रममा साहित्य सदनका अध्यक्ष कृष्ण आचार्यले उपस्थित महानुभाव हरुलाइ स्वागत मन्तव्य राखेका थिए स्वागत मन्तव्यका क्रममा अध्यक्ष आचार्यले साहित्यकार बीडी त्यागीको स्मृतिमा नेपाली भाषा साहित्यको क्षेत्रमा बिशिष्ठ योगदान पुर्याएका लब्धप्रतिष्ठित साहित्यकार हरुलाइ साहित्य सदनले पुरस्कृत गर्न पाउंदा अत्यंत हर्ष लाग्नुका साथै साहित्य सदन समेत सम्मानित भएको बिचार ब्यक्त गरेका छन् ।

कार्यक्रममा सम्मानित श्रष्टा राधेश्याम लेकालीले यस्ता प्रतिष्ठित साहित्यकारको नाममा स्थापना गरिएको

नायिका सृष्टि आचार्यद्वारा आकर्षक रुपमा संचालन गरिएको उक्त कार्यक्रममा सभापतिको मन्तव्यका क्रममा बोल्दै शंकर भारतीले बीडी त्यागीका सुपुत्र कपन बानेश्वरका सम्पादक निबन्ध आचार्यले पारिवारिक रुपमा स्रोतको ब्यवस्थापन गरि पिताजीको नाउमा प्रतिष्ठान स्थापना गरेर अग्रज स्रष्टालाई सम्मान गर्दै बीडी त्यागीको नाउँ लाइ अमर तुल्याएको चर्चा गर्दै आचार्यको प्रशंसा गरेका छन् । कार्यक्रममा करिव चार दर्जन साहित्यकार हरुको उपस्थिति रहेको थियो ।

# नाटकको अन्तर्राष्ट्रिय सेमिनार पोखरामा

गण्डकी । नेपाल नाट्य प्रतिष्ठान पोखराको आयोजनामा नेपाली नाटकबारे प्रथम अन्तर्राष्ट्रिय सेमिनार पोखरामा हुने भएको छ ।

नाट्य प्रतिष्ठानद्वारा आयोजित पत्रकार सम्मेलनमा वैशाख २८ गतेदेखि तीन दिनसम्म सञ्चालन हुने उक्त सेमिनारमा नेपाल एवं भारतका विषयविज्ञ सहभागी हुने प्रतिष्ठानका अध्यक्ष प्राडा रामचन्द्र पोखरेलले जानकारी दिनुभयो ।

सेमिनारमा नेपालबाट प्रतिष्ठानका अध्यक्ष प्राडा पोखरेललगायत प्राडा सावित्री मल्ल कक्षपती, डा अशोक थापा, डा कान्छी महर्जन, डा नारायणदत्त पन्थ, पुरु लम्साल, तारा पोखरेल र गीता सापकोटाले कार्यपत्र प्रस्तुत गर्नुहुनेछ । भारतबाट डा सुकराज दियाली ( सिलगढी), डा वीरबहादुर विश्वकर्मा (सिलगढी), पूर्णकुमार शर्मा (असाम), तेजमान बराइली (सिक्किम), नवीन पौड्याल (कालेबुङ, दार्जिलिङ), योगेश खाँती (दार्जिलिङ), युवराज काफ्ले ( सिलिगुडी), सरदकुमार क्षेत्री (कालेबुङ), धर्मराज थापा (दिल्ली) र सञ्जीव गुरुङ (कलकत्ता)ले कार्यपत्र प्रस्तुत गर्ने कार्यतालिका रहेको प्रतिष्ठानले जनाएको छ । सेमिनारमार्फत नेपाली नाटक तथा भारतीय नेपाली नाटक र रङगमञ्चको खोजअनुसन्धान, बहस तथा छलफल गरी निस्केको निष्कर्षलाई एकीकृतरूपमा प्रकाशन गर्ने उद्देश्य राखिएको छ । यथासम्भव नेपाली नाटकलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी प्रकाशन गर्ने लक्ष्य छ ।

सेमिनारको मुख्य सहयोगी पोखरा प्रज्ञा प्रतिष्ठान, प्रवर्द्धक गण्डकी प्रज्ञा प्रतिष्ठान तथा प्रायोजक पोखरा मावि बगर, जुनियर सिटिजन एकेडेमी, ग्लोबल कलेजिएट रानीपौवा, प्रगति मावि बाटुलेचौर, गुप्तेश्वर गुफा व्यवस्थापन समिति छोरेपाटनलगायत छन् । नेपाली कला, कौशल, सङ्गीत, नाटक, रङ्गमञ्च तथा समग्र संस्कृति एवं नेपाली साहित्यको श्रीवृद्धि गर्ने उद्देश्यले २०७८ सालमा स्थापित प्रतिष्ठानले सेमिनार गर्न लागेको हो ।

## स्वर्गीय डा लोहनीको पुस्तक 'सोमहोम' र 'जीवन वृक्ष' लोकार्पण

काठमाडौं । डा सुवास लोहनीद्वारा लिखित पुस्तक 'सोमहोम' र 'जीवन वृक्ष'को लोकार्पण गरिएको छ । आज यहाँ आयोजित एक कार्यक्रममा स्वर्गीय न्यूरोसर्जन डा लोहनीद्वारा लिखित पुस्तक आमा सुभद्रा लोहनी र बुबा घनराज लोहनीले लोकार्पण गर्नुभयो । पुस्तकको लोकार्पण गर्दै बुबा घनराज लोहनीले भन्नुभयो, "२०७८ सालको बडादसैंको बाँकी ६ पृष्ठमा

# कथाकार गायत्री अधिकारीको 'निर्णय' कथासंग्रहमा नारीचेत

**रमेश प्रभात**

गायत्री अधिकारीको सामान्य चिनारी

गणतन्त्रपछि चितवनलाई नेपालको वैकल्पिक राजधानी भनेर निकै चर्चा गरियो । यसले यहाँको जग्गाको भाउ ह्वात्तै बढायो । त्यसपछि यसलाई पोल्ट्री जोन, मेडिकल सिटी, शिक्षाको सहर आदि नामले पनि सुशोभित गरियो । यसका आ-आफ्नै गुण-अवगुणहरु होलान् । तर यतिबेला चितवन नेपाली साहित्यमा निकै सशक्त बनेर आएको छ । अझ त्यसमा पनि चितवनका नारी स्रष्टाको उपस्थिति यतिबेला उत्साहबर्धक बनेको छ । यही पङ्क्तिमा थपिएको एउटा नाम हो - गायत्री अधिकारी ।

नेपाली साहित्यमा वि.सं. २०६० को दशकमा कविताका माध्यमबाट प्रवेश गरेकी गायत्री अधिकारी फाट्टफुट्ट रुपमा गजल पनि लेख्छिन् । उनी कविताको बाटो हिँडेर बिस्तारै आख्यानमा देखा परेकी हुन् । कोभिडको महामारीले धेरैलाई विक्षिप्त बनायो भने उनलाई कथाकारका रुपमा चिनायो । उनको पहिलो कृति बनेर 'निर्णय' कथासङ्ग्रह (२०७७) पाठकका सामु आएको हो ।

'निर्णय' कथाको छोटो चर्चा

कथाकार गायत्री अधिकारीको 'निर्णय' कथासङ्ग्रह (२०७७) तेइस वटा छोटा कथाहरुको सञ्चयन हो । यसमा सङ्गृहीत कथाले घटीमा चार पृष्ठदेखि बढीमा बीस पृष्ठको आयाम ओगटेका छन् । यसमा समाविष्ट 'माफ' र 'रोजाइ' शीर्षकका कथाहरु जम्मा चार पृष्ठका छन् भने 'अधुरो प्रेम' शीर्षकको कथा बीस पृष्ठको आयाममा फैलिएको छ । यसभित्र रचनाखण्डले जम्मा १९५ पृष्ठ ओगटेको छ । यसरी हेर्दा एउटा कथाले सालाखाला साँढे आठ पृष्ठ ओगटेको पुष्टि हुन्छ । यसो हुनु भनेको यी कथाको आयाम छोटो हुनु हो, जुन पाठकमैत्री देखिन्छ ।

यसभित्र समाविष्ट कथा नेपाली जनजीवनसँग सम्बन्धित छन् । समाजमा हुने मानवीय सम्बन्ध, प्रेम, विवाह, विछोड, सम्बन्धविच्छेद, खिचातानी, बुढ्यौली, जीवन बाँच्न गरिने सङ्घर्ष लगायत वैदेशिक रोजगारी कारण परिवारमा परेको सकारात्मक तथा नकारात्मक प्रभावको चित्रणमै यी कथाहरु घुमेका छन् । भूकम्प, बाढी-पहिरोजस्ता प्राकृतिक विपत्तिका अतिरिक्त कोभिडजस्तो मानव निर्मित भवावह घटनामा पनि केही कथा बुनिएका छन् । यसर्थ 'निर्णय' समकालीन नेपाली समाजको प्रतिबिम्ब बनेर आएको छ ।

नेपाली साहित्यमा नारीचेतको प्रयोग

नारीवाद एउटा दार्शनिक चेत हो, जुन पश्चिमी साहित्यको देन हो । यसले नारीलाई केन्द्रमा राखेर रचनाको मूल्याङ्कन गर्छ । नारीचेत नारीवादको एउटा उपकरण हो । त्यति हुँदाहुँदै पनि नारीले नारी भएका कारण गर्ने अनुभव नारीचेत हो । यसलाई नारीवादसँग नजोडीकन पनि हेर्न सकिन्छ । यस्तो नारीचेत पुरुषले अनुमानका भरमा लेख्ने गर्छन् । नेपाली साहित्यमा यतिबेला पुरुषकै हाराहारीमा नारी लेखकहरु क्रियाशील छन् । उनीहरुका रचनामा नारीले भोग्नुपरेका पीडाका अतिरिक्त नारी भएका कारण गरिने अनुभूतिहरु सशक्त रुपमा आएका छन् । अझ त्यस्तो नारीचेत कवितामा भन्दा पनि आख्यानमा बढी मुखरित भएको पाइन्छ । छोरा र छोरीलाई गरिने विभेद, छोरी र बुहारीलाई गरिने अन्तर, नारी भएका कारण समाजमा भोग्नुपरेका यातना, नारीलाई हेर्ने समाजको दृष्टिकोण आदिमा नारीले भोग्ने भोगाइमा नारीचेत बढी पाइन्छ । यस्ता विभेद र यातनाबाट मुक्त हुन गर्ने भनेको विद्रोह नै हो । यस्तो चित्रण समकालीन नेपाली साहित्यमा गरिएको पाइन्छ ।

'निर्णय' कथामा नारीचेतको खोजी

नेपालमा विभिन्न समयमा धेरै खालका राजनैतिक परिवर्तनहरु भएका छन् । देश राजतन्त्रबाट लोकतन्त्र हुँदै गणतन्त्रमा पुगिसकेको छ तर पनि यहाँका अधिकांश नारीहरुको अवस्था उस्तै छ । रातको समयमा नारीले एक्लै हिँड्न सक्ने स्थिति बनेको छैन । नारीलाई अझै पनि पुरुषले भोग्याकै रुपमा हेर्ने गरेको छ । आफ्नी प्रेमिकालाई अरु केटासँग बोल्दा रिस गर्ने पुरुषहरु अझै छन् यो समाजमा । हेरौं कथाभित्र एउटा नमुना :

"उहाँ को हुनुहुन्छ ?" उनीसँगै उभिएको केटातिर सङ्केत गरेर मैले भनें ।

"साथी ।"

उनले भन्न नभ्याउँदै- "तपाईं को ?" उसले प्रतिप्रश्न गर्‍यो मलाई ।

"किन र ? म नयाँ साथी ।" त्यत्तिकै भनिदिएँ र उनीतिर हेरेर मुस्कुराएँ ।

यो वाक्य किन रहस्यमय लाग्यो उसलाई थाहा छैन मलाई । केटीतिर फर्केर मौन रुपमा रिसाएर भन्यो- "फोन आयो घरबाट तिमी नयाँ साथीसँग कुरा गर ल, बाइ कृष्टि ।"

ऊ पछाडि नफर्की बाइक भएको ठाउँमा पुग्यो । (सौन्दर्य, पृ. ११)

आफू शिक्षित भएर पनि आफ्नो लोग्नेले गरेको शङ्कालाई दूर गर्न नसकेका कारण चिन्तामा परेकी म पात्रको पीडा भने पुरातन खालको छ । लोग्नेको मनमा भएको शङ्का हटाउन नसक्दा जिन्दगीभर पिल्सिएर बसेको अवस्था यो कथामा देखिन्छ । एउटा सन्दर्भ हेरौं : हामी विवाहित जोडी चाइनामा एउटै घरको फरक अपार्टमेन्टमा बिजोडी भएर बस्नु पर्दाको मानसिक तनाव ९९ डिग्रीमा पुग्यो । समिरको हिसाब लगाउन सकिनँ । समिर किन अलग रहन चाहन्छ ? (सम्बन्ध, पृ. १९५)

विवाह गरेर एक महिना मात्र साथमा बसी अमेरिका उडेको लोग्नेले उतै घरबार गरेपछि दिक्क भएकी अनिषाले परिवारको सम्पत्तिलाई मात्र नहेरी आफ्नो भविष्य हेर्छे र अर्को विवाह गर्छे । नयाँ पतिसँग विदेश जान लागेको समयमा पुरानो पति आएर अधिकार जमाउन थालेपछि उसले यसरी मुखभरिको जवाफ फर्काउँछे : धेरै वर्ष अर्कै केटीसँग बसेर आए पनि अनिषामाथि हकदाबी गरेको शैलीमा पवनले सोध्यो- "अनिषा के हो यो ? कहाँ जान लागेको, म आएको छु ।"

अनिषासँग अब कुनै डर बाँकी थिएन । मान्छेले घोर अन्याय सामना गरेपछि चट्टानजस्तो बन्दो रहेछ । निडरतापूर्वक शिर ठाडो पारेर अनिषाले भनी, "यो यही हो जुन तिम्ले प्रस्ट देख्दै छौ, विनय र मेरो विवाह भैसक्यो र भोलिको टिकट छ विदेश जानलाई तिमी आउनुको अर्थ रहेन ।" (निर्णय, पृ. ३९)

विवाह गरेर दुई सन्तान जन्माएपछि लोग्ने विदेश लागेको र त्यसपछि घरमा दुःख गरेर बसेकी श्रीमतीले अर्कैसँग सम्बन्ध बढाएको थाहा पाएपछि नेपालभित्र एक्लै बसेको लोग्नेले अनेकौं हण्डर र ठक्कर खाएपछि साँझको समयमा घर फर्कन्छ । यसपछि श्रीमतीले पनि लोग्नेलाई माफी दिन्छे । यसरी सहमतिमा जीवन चलेको कुरा पनि कथामा यसरी आएको छ :

"म प्रदीप हो, ढोका खोल न ।" भनेपछि पनि जमुना अझै ढोका खोल्न डराएर अन्कनाइन् । आफ्नै लोग्नेको आवाज पनि चिन्नै नसकिने थियो । जमुनाले बिस्तारै आग्लो झिकिन् र चुकुल खोलेर ढोका उघार्दा प्रदीपको यति दयनीय शरीर र अनुहार थियो कि उनलाई चिन्नै मुस्किल थियो । गालाहरु तिखारिएको र सिकुटिएको शरीर देख्दा विदेश जानु भन्दा पहिलाको माया रसाएर आयो छातीभरि । (सचेत, पृ. ५९)

विवाहको प्रपञ्च रचेर डम्बरेले सोनीलाई भारत पुर्‍याएर बेच्ने सपना देख्यो । उसलाई मेची भन्सारमा पुर्‍याएपछि डम्बरेले सिकाएको कुरा डराई डराई भनेकाले प्रहरीले केरकार गरेपछि डम्बरे उम्कन सकेन । यसपछि अदालतमा मुद्दा चल्यो । मुद्दा सोनीले जिती । त्यसपछि उसले कानुनव्यवसायीसँग यस्तो प्रश्न गर्छे :

अन्तमा सोनीले ज्योतिलाई भनी- "दिदी म तपाईंहरुप्रति आभारी छु तर कस्तो अचम्म लाग्छ, आजसम्म मैले एउटा कुरा बुझ्न सकेको छैन ।"

"के हो त्यस्तो कुरा भन न ।"

"कानुनले मान्छेलाई तह लगाउँछ कि मान्छेले कानुनलाई ?" ज्योतिसँग त्यसको उत्तर थिएन । (कानुन, पृ. १३२)

यसरी 'निर्णय'का कथामा नारीले भोगेका भोगाइहरु प्रशस्त पाइन्छन् । यी कथालाई नारीवादको चस्माले हेर्दा अपूर्ण लाग्छन् । यसका अधिकांश कथा सम्झौतामा पुगेर टुङ्गिएका छन् । वास्तवमा जीवनलाई सहज रुपमा चलाउनका लागि कुनै रुपमा सम्झौता आवश्यक छ । चाहे पुरुष होस्, चाहे महिलाले सम्झौता नगरी जीवन सहज बन्दैन । बालकृष्ण समले भनेजस्तै आगोले चिसिने र पानीले तातिने गरी एक आपसमा नमिली जीवन चल्दैन भन्ने जीवन दर्शन यो कृतिमा पाइन्छ ।

समापनका केही शब्द

मान्छे स्वभावैले बोलक्कड प्राणी हो । आफूले देखे-भोगेका कुरा अरुलाई सुनाउन पाउँदा आनन्दको अनुभव गर्छ मान्छे । यही आनन्दको विस्तार नै आख्यान लेखन हो । नेपाली आख्यानमा पाइला चाल्दै गरेकी गायत्री अधिकारी कथाकथन शैली सामान्य छ । आफूले अनुभूत गरेका कुरालाई उनी सहज पाराले लेख्छिन् । पहिलो कृति भएकाले उनको स्पष्ट शैली बनिसकेको देखिन्न । कतै उनी निबन्धजस्तो व्याख्या गर्छिन् भने कतै बढी परिवेश चित्रणमा अल्मलिएकी देखिन्छिन् । उनको अर्को कृतिमा यस्ता दोषहरु हट्ने छन् । छिट्टै अर्को कृति पढ्न पाइयोस् भन्दै उनलाई सफलताको मुरी मुरी शुभकामना छ मेरो ।

अध्यक्ष, अक्षर समूह चितवन

# बल्लभ र श्रेष्ठलाई भक्तराज आचार्य राष्ट्रिय सङ्गीत सम्मान

काठमाडौं । 'भक्तराज आचार्य राष्ट्रिय सङ्गीत सम्मान २०७९' गायनतर्फ गायक दीप श्रेष्ठ र सङ्गीततर्फ सङ्गीतकार शक्ति बल्लभलाई प्रदान गरिएको छ । पुरस्कारको राशि जनही रु ५० हजार रहेको छ । यस्तै रु २५ हजार राशिको 'सुशीला आचार्य सुस्वास्थ्य कामना सम्मान' युवा तबलावादक भिपी सिंहलाई प्रदान गरिएको छ । भक्तराज आचार्य सङ्गीत प्रतिष्ठान र सिटी एक्सप्रेस मनि ट्रान्सफरको संयुक्त आयोजनामा गरिएको 'भक्तराज आचार्य राष्ट्रिय सङ्गीत सम्मान २०७९' ग्रहणपछि सङ्गीतकार वल्लभले अन्य पुरस्कार तथा सम्मानको तुलनामा यो आफ्नो लागि विशेष रहेको बताउनुभयो । "मलाई सबैभन्दा मन पर्ने गायकको हातबाट उहाँकै नामको सम्मान ग्रहण गर्दा मेरो लागि यो ऐतिहासिक छ । उहाँसँग सङ्गीत यात्रा र रेडियो नेपालको धेरै प्रसङ्ग जोडिएका छन्", उहाँले भन्नुभयो । गायक श्रेष्ठले नेपाली साङ्गीतिक क्षेत्रमा गायक आचार्यको अतुलनीय योगदान रहेको बताउनुभयो । "उहाँको उपस्थिति हाम्रो लागि कति महत्वपूर्ण छ भन्ने शब्दमा बयान गर्न सक्दिन । यो सम्मान मेरो लागि ऊर्जा हो", उहाँले भन्नुभयो । समारोहमा गायक आचार्यका पुत्रद्वय गायक सत्यराज आचार्य र स्वरुपराज आचार्य तथा सुरज थापाले सम्मानित व्यक्तित्वका कालजयी गीत प्रस्तुत गरेका थिए । उनीहरुले आचार्यले गाउनुभएका केही लोकप्रिय गीतसमेत प्रस्तुत गरेका थिए । समारोहमा साङ्गीतिक क्षेत्रका प्रतिष्ठित व्यक्तित्वको उपस्थिति थियो ।

# आधिकारिक रुपमा सार्वजनिक भयो हुन्डाई एक्सटर, खुल्यो बुकिङ

काठमाडौं । हुन्डाईले आफ्नो माइक्रो एसयूभी एक्सटरलाई भारतीय बजारमा सार्वजनिक गरेको छ जुलाई महिनामा लन्च गर्ने तयारी गरेको सो नयाँ एसयूभीको उसले बुकिङ समेत



खुल्ला गरेको छ । यसअघि टिजरमात्र सार्वजनिक भएको सो एसयूभीलाई कम्पनीले लन्च अगावै एक्सटेरियर डिजाइन सहित सार्वजनिक गरेर बुकिङ लिन थालेको हो । एक्सटर कुल ५ भेरिएन्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

एक्सटरमा २० प्रतिशत इथानोल समेत मिश्रण गरेर प्रयोग गर्न मिल्ने नयाँ इन्जिन जडान गरिएको छ । १.२ लिटर क्षमताको सो पेट्रोल इन्जिनलाई हुन्डाइले भेन्यू, निओस र अउरामा समेत प्रयोग गर्दै आएको छ । सो माइक्रो एसयूभीमा ५ स्पिड म्यानुअल र ५ स्पिडकै एएमटी गियरवक्सको विकल्प दिइएको छ ।

ईएक्स, एस, एसएक्स, एसएक्स( अप्सनल) र एसएक्स, एसएक्स ( अप्सनल) कै टप स्पेक भेरिएन्टमा उपलब्ध हुने सो एसयूभीको मूल्य भने लन्चिङ कार्यक्रममा सार्वजनिक गर्ने कम्पनीको भनाई छ । एक्सटरले टाटा पन्च र सिट्रोन सी३ लगायतसंग प्रतिस्पर्धा गर्ने देखिएको छ ।

एक्सटरको फ्रन्टमा स्प्लिट हेडलाइट सेटअप र एलईडी डीआरएल दिइएको छ । यसको डीआरएल एच प्याटर्नमा राखिएको छ भने बोनेटमा क्यारेक्टर लाइन र साइड पार्टमा १५ इन्चको ड्युअल टोन अलोय ह्विल दिइएको छ । एक्सटरको इन्टेरियरमा इलेक्ट्रिक सनरुफ, कनेक्टेड कार टेक्नोलोजी, वायरलेस चार्जर, वायरलेस एन्ड्रोइड अटो र एप्पल कारप्ले सपोर्ट, डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर लगायत अन्य प्रशस्तै फिचर उपलब्ध हुनेछ ।

भारतीय बजारमा औपचारिक लन्च पश्चात यो नयाँ एसयूभी नेपाली बजारमा समेत आउने अनुमान गरिएको छ ।

नेपाल आएपछि यो हुन्डाइको प्रोडक्ट पोर्टफोलियोमा सवैभन्दा सस्तो एसयूभी हुनेछ ।

# ४६ लाख ४८ हजार रुपैयाँमै आयो टाटा नेक्सन ईभी म्याक्स

काठमाडौं । टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले टाटा नेक्सन




ईभीको लङ रेन्ज भर्सन नेक्सन ईभी म्याक्स सार्वजनिक गरेको छ । ४५३ किलोमिटरको रेन्ज दिने दावी गरिएको सो ईभीको मूल्य ४६ लाख ४९ हजार रुपैयाँ तोकिएको छ ।

नेपाली बजारमा पहिले देखि नै टाटा नेक्सन ईभी लोकप्रिय रहे पनि अझै परिस्कृत भर्सनको रुपमा ईभी म्याक्स नेपाली बजारमा उपलब्ध भएको हो । नेपाली बजारमा पछिल्लो समयमा १०० किलोवाट मोटर क्षमताका ईभीको प्रयोग बढ्दै गए अनुसार नेक्सन ईभी म्याक्समा पनि १०० किलोवाटको मोटर दिइएको छ । १०० किलोवाट सम्मको भन्सार महसुल कम भएकाले पनि यस्ता गाडी नेपाली बजारमा बढ्दै गएका छन् । नेक्सन ईभी म्याक्स एक्सजेड र एक्सजेड प्लस लक्जरी गरी दुई भेरिएन्टमा उपलब्ध हुनेछ । नेक्सन ईभी म्याक्समा ४०।५ किलोवाट आवरको ब्याट्री प्याक हुनेछ। जसमा मल्टी मोड रिजन, सबै चारवटा डिस्क ब्रेक, आई–भीबीएसी सहितको ईएसपी, अटो होल्ड सहितको इलेक्ट्रोनिक पार्किङ ब्रेक, मल्टी ड्राइभ मोड, वायरलेस स्मार्टफोन चार्जर, ज्वेल्ड कन्ट्रोल नब र क्रुज कन्ट्रोल लगायतका विशेषता छन् ।

त्यसैगरी एक्सजेड प्लस लक्जरीमा यी भन्दा बाहेक थप विशेषताको रुपमा इलेक्ट्रिक सनरुफ, भेन्टिलेसन सहितको लेदर फ्रन्ट सिट, अल न्यु मकारना ब्याज इन्टेरियर, अटो डिमिङ आईआरभीएम र एयर प्युरिफायर जस्ता विशेषता छन् । नेक्सन ईभी म्याक्समा भएको मोटरले १४३ एचपी पावर र २५० एनएम टर्क जेनेरेट गर्छ । टाटा मोटर्सका अनुसार ३.३ किलोवाट आवरको चार्जरले करिव १५ घण्टामा फुल चार्ज गराउछ भने ७.२ किलोवाट आवरको चार्जरले ५ देखि ६ घण्टामा । कुनै पनि परम्परागत ५० किलोवाट आवरको चार्जरले चार्ज गर्दा ५६ मिनेटमा ० देखि ८० प्रतिशत सम्म चार्ज गर्न सकिने बताइएको छ ।

# नेपाल भित्रिदै टीभीएसको रेट्रो मोटरसाइकल रोनिन, यस्तो छ विशेषता

काठमाडौं । नेपाली बजारमा टीभीएसको रेट्रो मोटरसाइकल रोनिन भित्रिने भएको छ । नेपालका लागि टीभीएसको आधिकारिक वितरक जगदम्बा मोटर्सले सो रेट्रो मोटरसाइकल ल्याउने तयारी भइरहेको




र अबको केही महिना भित्रै नेपाल भित्रिनै बताएको छ ।

कम्पनी स्रोतका अनुसार सायद चालु आर्थिक वर्ष भित्रै यो मोटरसाइकल नेपाली बजारमा उपलब्ध हुनेछ । नेपाली नयाँ वर्षको अवसरमा लन्च हुने चर्चा भए पनि सो मोटरसाइकल औपचारिक रुपमा नेपाली बजारमा लन्च भएको छैन ।

रोनिनमा २२५.९ सीसी सिंगल सिलिन्डर इन्जिन रहेको छ । सो इन्जिनले ७७५० आरपीएममा १५.०१ किलोवाटको पावर र ३७५० आरपीएममा १९.९३ एनएमको अधिकतम टर्क जेनेरेट गर्छ । कम्पनीले सो बाइकको टप स्पिड १२० किलोमिटर प्रतिघन्टा रहेको दाबी गरेको छ । टीभीएसले यो इन्जिनले उत्कृष्ट परफर्मेन्स दिने दाबी गरेको छ । यो साइलेन्ट स्टार्ट सिस्टम आइएसजीसँग आउँछ ।

यो नयाँ मोटरसाइकललाई टीभीएसले डवल क्रेडल फ्रेम सस्पेन्डेड चेसिसमा निर्माण गरेको हो । ४१ एमएमको एड्जस्ट गर्न नमिल्ने सोवा विग पिस्टन फर्क र ग्यास चार्जड मोनोशक सस्पेन्सन जडान गरिएको छ ।

यो वाइकको कुल तौल १६० किलोग्राम रहेको छ भने डुअल च्यानल र सिंगल च्यानल एबिएस अप्सनमा उपलब्ध छ । वाइकमा १४ लिटर क्षमताको फ्युल ट्यांक जडान गरिएको छ ।

रोनिनमा नयाँ प्रविधीको डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर दिइएको छ । जहाँ कम्पनीको प्याटेन्टेड टीभीएस स्मार्ट कनेक्ट ब्लुटुथ जस्ता फिचर समावेश गरिएको छ । साथै बाइकमा भ्वाइस असिस्ट फिचर उपलब्ध छ, जसले यस बाइकलाई अझ आकर्षक बनाएको छ । वाइकमा पूर्णत एलईडी लाइट र सर्कुलर हेडल्याम्प जडान गरिएको छ ।

भारतमा यसको मूल्य १ लाख ४९ हजार भारु देखि प्रारम्भ हुन्छ । नेपाली बजारमा यसको मूल्य ४ लाख ५० हजार भन्दा बढी नै पर्ने अनुमान गर्न सकिन्छ ।

औषधिको सही सेवन गरौं
० चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं ।
० जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ ।
० जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्दछ ।
० एन्टिबायोटिक लगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं ।
० औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्भिन्न सक्दछ ।
त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्श अनुसार गर्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस